
"समावेशी, गुणस्तरीय र सिपमुलक शिक्षाको अधिकार समुद्ध र समुन्नत चुमनुब्रीको आधार"

# चुमनुब्री गाउँपालिका
# गाउँ शिक्षा क्षेत्र योजना

## २०८२/०८३ - २०८६/०८७



**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सिर्द्बिास, गोरखा
गण्डकी प्रदेश, नेपाल

गाउँपालिका अध्यक्षको भनाइ

## शिक्षामार्फत समृद्ध चुमनुब्री निर्माणप्रति अध्यक्षको प्रतिबद्धता



समृद्ध गाउँपालिकाको आधार गुणस्तरीय शिक्षा हो। आजको ज्ञान, सीप र प्रविधिमा आधारित विश्वमा स्थानीय सरकारको सफलता नागरीकलाई प्रदान गरीने शिक्षाको गुणस्तरले पनि निर्धारण गर्दछ। त्यसैले चुमनुब्री गाउँपालिकाले शिक्षालाई सामाजिक सेवा मात्र नभई मानव पूँजी विकास, सुशासन, आर्थिक समृद्धि र दिगो विकासको प्रमुख आधारका रूपमा लिएको छ।

यस विश्वासका साथ हामीले **गाउँ शिक्षा क्षेत्र योजना २०८२/०८३ - २०८६/०८७** तयार गरेका छौं। यो योजना केवल आगामी पाँच वर्षका कार्यक्रमहरूको सूची होइन, चुमनुब्रीको शैक्षिक भविष्य निर्माण गर्ने साझा मार्गचित्र हो। योजनाले संविधान, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा दिगो विकास लक्ष्यहरूको भावनालाई स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकतासँग जोड्दै स्पष्ट दिशा प्रदान गरेको छ।

आगामी पाँच वर्षमा सिकाइ उपलब्धिमा सुधार, प्रारम्भिक बालविकासको सुदृढीकरण, आधारभूत साक्षरता तथा गणितीय दक्षताको विकास, शिक्षकको पेशागत क्षमता अभिवृद्धि, प्रविधिमैत्री शिक्षण, विद्यालय सुशासन, प्राविधिक तथा सीपमूलक शिक्षाको विस्तार, प्रभावकारी शैक्षिक व्यवस्थापन र नतिजामा आधारित अनुगमनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरीनेछ। शिक्षा क्षेत्रमा गरीने प्रत्येक लगानीले प्रत्यक्ष रूपमा बालबालिकाको भविष्य र गाउँपालिकाको समृद्धिमा योगदान पुर्याउने हाम्रो विश्वास छ।

यस योजनाको सफल कार्यान्वयन स्थानीय सरकारको एकल प्रयासबाट सम्भव हुँदैन। विद्यालय, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र, विकास साझेदार तथा सबै सरोकारवालाबिचको सहकार्य, पारदर्शिता, जवाफदेहिता र साझा स्वामित्व यसको सफलताको आधार हो। हामी शिक्षा क्षेत्रमा नवप्रवर्तन, तथ्यमा आधारित निर्णय प्रक्रिया र प्रभावकारी स्रोत व्यवस्थापनलाई निरन्तर प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

यो योजना निर्माणका क्रममा महत्वपूर्ण सुझाव, अनुभव र सहयोग प्रदान गर्नुहुने सबै सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै चुमनुब्रीलाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र उपलब्धिमूलक शिक्षाको नमुना गाउँपालिका बनाउने हाम्रो दृढ संकल्प रहेको छ।

अन्त्यमा, यस अभियानमा सम्पूर्ण गाउँपालिकावासीको निरन्तर सहयोग, विश्वास र सक्रिय सहभागिताको अपेक्षा गर्दै स्थानीय शिक्षा विकास योजना सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

**निमा लामा**
**अध्यक्ष**
**चुमनुब्री गाउँपालिका, गोरखा**

गाउँपालिका उपाध्यक्षको भनाइ

## शिक्षामा समान अवसर र समावेशितामार्फत समुन्नत चुमनुब्री निर्माण



शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो। कुनै पनि बालबालिका आर्थिक अवस्था, जातजाति, भाषा, लिङ्ग, अपाङ्गता वा भौगोलिक कठिनाइका कारण गुणस्तरीय शिक्षाबाट वञ्चित हुनुहुँदैन भन्ने मान्यतामा चुमनुब्री गाउँपालिका दृढ रहेको छ। समावेशी, समानतामूलक र बालमैत्री शिक्षा प्रणाली निर्माण गर्नु स्थानीय सरकारको साझा जिम्मेवारी हो।

यसै उद्देश्यलाई आत्मसात गर्दै तयार गरिएको **गाउँ शिक्षा क्षेत्र योजना २०८२/०८३ - २०८६/०८७** ले शिक्षालाई विद्यालयभित्र सीमित नराखी परिवार, समुदाय र स्थानीय सरकारको साझा उत्तरदायित्वका रूपमा परिभाषित गरेको छ। बालबालिकाको सिकाइ, सुरक्षा, स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य, सामाजिक संरक्षण र सकारात्मक पारिवारिक वातावरण एकअर्कासँग अन्तरसम्बन्धित विषय हुन्। त्यसैले शिक्षाको विकासमा समुदायको सक्रिय सहभागिता अपरिहार्य छ।

यस योजनाले विशेष गरी विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने, बालिका शिक्षा प्रवर्द्धन गर्ने, अपाङ्गता भएका तथा विपन्न समुदायका बालबालिकाका लागि आवश्यक सहयोग सुनिश्चित गर्ने, बालमैत्री तथा लैङ्गिकमैत्री विद्यालय वातावरण निर्माण गर्ने, अभिभावकको सहभागिता बढाउने तथा विद्यालय र समुदायबिचको सम्बन्धलाई अझ सुदृढ बनाउने लक्ष्य लिएको छ।

हामी विश्वास गर्छौं कि गुणस्तरीय शिक्षा तब मात्र सम्भव हुन्छ, जब प्रत्येक अभिभावक आफ्ना बालबालिकाको सिकाइमा सहभागी हुन्छन्, प्रत्येक शिक्षक प्रेरणादायी मार्गदर्शक बन्छन्, प्रत्येक विद्यालय समुदायप्रति उत्तरदायी हुन्छ र स्थानीय सरकारले आवश्यक सहयोग तथा समन्वयको भूमिका प्रभावकारी रूपमा निर्वाह गर्छ। सामाजिक समावेशिता, समान अवसर, उत्तरदायित्व र सहकार्य यस योजनाका प्रमुख आधार हुन्।

यस योजना निर्माणमा आफ्नो अमूल्य समय, अनुभव र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। विशेष रूपमा विद्यालय, अभिभावक, महिला समूह, युवा, सामाजिक संघसंस्था तथा विकास साझेदारहरूको योगदानले यस योजनालाई अझ व्यवहारमुखी र समावेशी बनाउन महत्वपूर्ण सहयोग पुगेको छ।

अन्त्यमा, प्रत्येक बालबालिकाले सम्मानका साथ सिक्ने, आफ्नो क्षमता विकास गर्ने र उज्ज्वल भविष्य निर्माण गर्ने वातावरण सिर्जना गर्नु हाम्रो साझा दायित्व हो। यस योजनाको सफल कार्यान्वयनमा सबै पक्षको निरन्तर सहयोग, सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दै सम्पूर्ण गाउँपालिकावासीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

लक्ष्मी गुरूङ
उपाध्यक्ष
चुमनुब्री गाउँपालिका, गोरखा

प्रमुख प्रशासकिय अधिकृतको भनाइ

## योजनादेखि उपलब्धिसम्म : प्रभावकारी कार्यान्वयनको संकल्प



स्थानीय सरकारको योजना तब मात्र सफल मानिन्छ, जब त्यसले कागजमा सीमित नरही नागरीकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। यही विश्वासका साथ चुमनुब्री गाउँपालिकाको **गाउँ शिक्षा क्षेत्र योजना २०८२/०८३ - २०८६/०८७** कार्यान्वयनको मार्गदर्शन गर्ने एक महत्वपूर्ण प्राविधिक तथा व्यवस्थापकीय दस्तावेजका रूपमा तयार गरिएको छ।

यस योजनाले गाउँपालिकाको शिक्षा क्षेत्रको विद्यमान अवस्था, सिकाइ उपलब्धि, जनसांख्यिक अवस्था, पूर्वाधार, शिक्षक व्यवस्थापन, वित्तीय स्रोत, संस्थागत क्षमता तथा भावी आवश्यकताहरूको विश्लेषणका आधारमा स्पष्ट प्राथमिकता, रणनीति र कार्ययोजना निर्धारण गरेको छ। यसले शिक्षा क्षेत्रका सबै कार्यक्रमहरूलाई एउटै साझा दिशामा अघि बढाउन, स्रोतको प्रभावकारी उपयोग गर्न तथा उपलब्धिको नियमित समीक्षा गर्न महत्वपूर्ण आधार प्रदान गर्नेछ।

गाउँपालिकाको प्रशासनिक संयन्त्रको प्रमुख जिम्मेवारी नीति र योजनालाई प्रभावकारी कार्यान्वयनमा रूपान्तरण गर्नु हो। त्यसका लागि वार्षिक योजना तथा बजेटसँग शिक्षा योजनाको एकीकरण, समयमै कार्यक्रम सञ्चालन, वित्तीय अनुशासन, सार्वजनिक खरिद तथा स्रोत व्यवस्थापन, तथ्यमा आधारित निर्णय प्रक्रिया, नियमित अनुगमन तथा प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। साथै, कार्यसम्पादनका स्पष्ट सूचकहरूका आधारमा प्रगतिको मूल्याङ्कन गर्दै आवश्यक सुधारका उपायहरू अवलम्बन गरीनेछ।

शिक्षा क्षेत्रको दिगो सुधारका लागि प्रशासनिक दक्षता, अन्तर शाखा समन्वय, विद्यालयसँग नियमित संवाद, सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा तथ्याङ्कको गुणस्तर सुधार अपरिहार्य छन्। त्यसैले गाउँपालिकाले सूचना प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन, संस्थागत सिकाइ तथा प्रमाणमा आधारित योजना निर्माणलाई निरन्तर सुदृढ गर्दै जानेछ।

यस योजना कार्यान्वयनमा शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, योजना, वित्त, पूर्वाधारलगायत सम्बन्धित सबै शाखाहरूबिच प्रभावकारी समन्वय स्थापित गरीनेछ। साथै, संघ तथा प्रदेश सरकार, शिक्षा सम्बन्धी निकायहरू, विकास साझेदार, विद्यालय तथा समुदायसँग सहकार्य गर्दै योजनाका लक्ष्यहरू समयमै प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

यस योजना निर्माण प्रक्रियामा मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। उहाँहरूको सक्रिय सहभागिताले योजनालाई यथार्थपरक, कार्यान्वयनयोग्य र स्थानीय आवश्यकतामा आधारित बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ।

अन्त्यमा, यो योजना प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, पारदर्शी वित्तीय व्यवस्थापन र नतिजामुखी प्रशासनमार्फत चुमनुब्री गाउँपालिकाको शिक्षा क्षेत्रमा दीर्घकालीन सुधार ल्याउने विश्वास व्यक्त गर्दछु। यस अभियानमा सम्पूर्ण प्रशासनिक संयन्त्र, विद्यालय तथा सरोकारवालाहरूको निरन्तर सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु।

**मनोज लामिछाने**
प्रमुख प्रशासकिय अधिकृत
चुमनुब्री गाउँपालिका, गोरखा

**शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृतको भनाइ**

## हरेक बालबालिकाको सिकाइ सुनिश्चित गर्ने हाम्रो संकल्प




विद्यालयको वास्तविक गुणस्तर भवन, पाठ्यपुस्तक वा परीक्षाको नतिजाले मात्र निर्धारण हुँदैन; त्यो हरेक दिन कक्षाकोठामा हुने शिक्षण–सिकाइ प्रक्रियाले निर्धारण गर्छ। शिक्षकले कसरी सिकाउनुहुन्छ, विद्यार्थीले कसरी सिकिरहेका छन्, विद्यालयले सिकाइलाई कसरी सहजीकरण गरीरहेको छ र स्थानीय सरकारले त्यसलाई कसरी प्राविधिक सहयोग गरीरहेको छ भन्ने विषयले नै शिक्षा प्रणालीको प्रभावकारिता तय गर्दछ। यही सोचलाई केन्द्रमा राख्दै चुमनुव्री गाउँपालिकाको **गाउँ शिक्षा क्षेत्र योजना २०८२/०८३ - २०८६/०८७** तयार गरिएको छ ।

यो योजना भविष्यका कार्यक्रमहरूको सूची मात्र होइन, गाउँपालिकाको शैक्षिक सुधारका लागि तयार गरिएको प्रमाणमा आधारित प्राविधिक मार्गदर्शिका हो। योजनाको निर्माणमा विद्यालयस्तरका तथ्याङ्क, सिकाइ उपलब्धि, विद्यालय अनुगमनका निष्कर्ष, शिक्षक तथा अभिभावकका अनुभव, स्थानीय आवश्यकता र राष्ट्रिय शैक्षिक नीतिहरूको समन्वय गरिएको छ। यसले आगामी पाँच वर्षमा शैक्षिक गुणस्तर सुधारका लागि स्पष्ट प्राथमिकता र कार्यदिशा प्रदान गर्दछ।

हाम्रो प्रमुख लक्ष्य विद्यालयमा भर्ना भएका प्रत्येक बालबालिकाले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्ने वातावरण निर्माण गर्नु हो। विशेष गरी प्रारम्भिक कक्षाका बालबालिकामा आधारभूत पढाइ, लेखाइ र गणितीय सीपको विकास, बालमैत्री तथा विद्यार्थी–केन्द्रित शिक्षण, निरन्तर सिकाइ मूल्याङ्कन, कक्षाकोठामा विभेदित शिक्षण, सूचना तथा सञ्चार प्रविधिको अर्थपूर्ण प्रयोग तथा स्थानीय सन्दर्भमा आधारित सिकाइ सामग्रीको विकासलाई प्राथमिकता दिइनेछ। शिक्षक नै शैक्षिक सुधारका प्रमुख संवाहक हुन् । त्यसैले शिक्षकको निरन्तर पेशागत विकास, विद्यालयमा आधारित शैक्षिक सहयोग (School-based Support), सहकर्मी सिकाइ, विषयगत छलफल, मार्गदर्शन तथा परामर्श प्रणालीलाई सुदृढ गर्दै कक्षाकोठामा प्रभावकारी शिक्षण अभ्यास विस्तार गरीनेछ। सिकाइ उपलब्धिको नियमित विश्लेषण गरी त्यसका आधारमा सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने संस्कृतिको विकास गरीनेछ।

यस योजनाको सफल कार्यान्वयनका लागि विद्यालय, शिक्षक, अभिभावक, शिक्षा समिति, विषयगत शाखाहरू तथा विकास साझेदारबिच ज्ञान, अनुभव र जिम्मेवारीको साझा अभ्यास आवश्यक छ। शिक्षा शाखाले विद्यालयहरूलाई नियमन गर्ने निकायका रूपमा मात्र होइन, प्राविधिक सहयोग, क्षमता विकास र नवप्रवर्तनको सहयात्रीका रूपमा आफ्नो भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।
स्थानीय शिक्षा विकास योजना निर्माण प्रक्रियामा अमूल्य सहयोग, सुझाव र अनुभव प्रदान गर्नुहुने गाउँपालिका नेतृत्व, प्रमुख प्रशासकीय अधिकृत, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विकास साझेदार तथा शिक्षा क्षेत्रका सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, गुणस्तरीय शिक्षा कुनै एक संस्था वा व्यक्तिको प्रयासबाट मात्र सम्भव हुँदैन । साझा उद्देश्य, निरन्तर सिकाइ, व्यावसायिक प्रतिबद्धता र प्रमाणमा आधारित निर्णय प्रक्रियाबाट मात्र हामी प्रत्येक विद्यालयलाई सिकाइको उत्कृष्ट केन्द्र र प्रत्येक बालबालिकालाई आफ्नो क्षमता उजागर गर्ने अवसर प्रदान गर्न सक्छौँ भन्ने विश्वास व्यक्त गर्दछु। यस योजनाले चुमनुव्री गाउँपालिकाको शिक्षा क्षेत्रमा दिगो सुधारको नयाँ आधार निर्माण गर्नेछ भन्ने पूर्ण विश्वासका साथ यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाको निरन्तर सहकार्यको अपेक्षा गर्दछु ।

**बिष्णु राना मगर**
शिक्षा अधिकृत
शिक्षा, युवा तथा खेलकुद शाखा
चुमनुब्री गाउँपालिका, गोरखा

# बिषय सुची


गाउँपालिका अध्यक्षको भनाइ ..... ii

गाउँपालिका उपाध्यक्षको भनाइ ..... iii

प्रमुख प्रशासकिय अधिकृतको भनाइ ..... iv

शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृतको भनाइ ..... v

परिच्छेद १ : परिचय ..... 1

१.१ पृष्ठभूमिः ..... 1

१.२ भौगोलिक अवस्थितिः ..... 2

१.३ जनसाङ्ख्यिक विवरणः ..... 3

१.४ सामाजिक र सांस्कृतिक अवस्थाः ..... 5

१.५ आर्थिक अवस्थाः ..... 5

१.६ शैक्षिक अवस्थाः ..... 5

१.६. विद्यालयगत विवरण ..... 6

२.६. विद्यार्थी विवरण ..... 6

३.६. शिक्षक विवरण ..... 8

१.७ यस गाउँपालिकाको शिक्षा क्षेत्रका मुख्य समस्याहरू: ..... 9

१.८ यस गाउँपालिकाको शिक्षा क्षेत्रका चुनौतीहरू: ..... 10

१.९ यस गाउँपालिकाको शिक्षा क्षेत्रकाअवसरहरू: ..... 10

१.१० गाउँपालिकाको मुख्य शैक्षिक कार्यसम्पादन सूचक र वर्तमान अवस्था : ..... 11

१.११ शिक्षा योजनाले समेट्ने पक्षहरू ..... 12

१.१२ शिक्षा क्षेत्रको SWOT विश्लेषण तालिका ..... 15

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... 17

२.१ दूरदृष्टिः ..... 17

२.३ लक्ष्यः ..... 17

२.४ उद्देश्यः ..... 17

२.५ रणनीतिः ..... 18

२.६ कार्यनीतिः ..... 20

२.७ अपेक्षित उपलब्धिहरूः ..... 22

परिच्छेद ३: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू : ..... 24

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा : ..... 24

३.१.१.परिचयः ........ 24
३.१.२ वर्तमान अवस्थाः ........ 24
३.१.३ अवसर र चुनौतीहरूः ........ 25
३.१.४ उद्देश्यहरूः ........ 25
३.१.५ रणनीतिहरूः ........ 25
३.१.६ उपलब्धि तथा प्रमुख नतिजाहरूः ........ 26
३.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरूः ........ 26
३.२ आधारभूत शिक्षा : ........ 28
३.२.१ परिचयः ........ 28
३.२.२ वर्तमान अवस्थाः ........ 29
३.२.३ अवसर र चुनौतीहरूः ........ 30
३.२.४ उद्देश्यहरूः ........ 30
३.२.५ रणनीतिहरूः ........ 31
३.२.६ उपलब्धि तथा प्रमुख नतिजाहरूः ........ 32
३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरूः ........ 33
३.३ माध्यमिक शिक्षाः ........ 36
३.३.१ परिचयः ........ 36
३.३.२ वर्तमान अवस्थाः ........ 36
३.३.३ अवसर र चुनौतीहरूः ........ 37
३.३.४ उद्देश्यहरूः ........ 38
३.३.५ रणनीतिहरूः ........ 38
३.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरूः ........ 39
३.३.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरूः ........ 39
३.४ अनौपचारिक तथा निरन्तर शिक्षाः ........ 42
३.४.१ परिचयः ........ 42
३.४ .२ वर्तमान अवस्थाः ........ 43
३.४.३ अवसर र चुनौतीहरूः ........ 43
३.४.४ उद्देश्यहरूः ........ 44
३.४.५ रणनीतिहरूः ........ 44
३.४.६ उपलब्धि तथा प्रमुख नतिजाहरूः ........ 45

३.४.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 45

३.५ प्राविधिक तथा ब्यबसायीक शिक्षा: ........ 46

३.५.१ परिचय: ........ 46

३.५.२ वर्तमान अवस्था: ........ 46

३.५.३ अवसर र चुनौतीहरू: ........ 47

३.५.४ उद्देश्यहरू: ........ 47

३.५.५ रणनीतिहरू: ........ 47

३.५.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 47

३.५.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 48

परिच्छेद ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू: ........ 49

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक , सिकाइ सामग्री र मूल्याङ्कन: ........ 49

४.१.१ परिचय: ........ 49

४.१.३ अवसर र चुनौतीहरू: ........ 50

४.१.४ उद्देश्यहरू: ........ 51

४.१.५ रणनीतिहरू: ........ 51

४.१.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 52

४.१.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 52

४.२ शिक्षक व्यवस्थापन तथा विकास: ........ 53

४.२.१ परिचय: ........ 53

४.२.२ वर्तमान अवस्था: ........ 54

४.२.३ अवसर र चुनौतीहरू: ........ 54

४.२.४ उद्देश्यहरू: ........ 55

४.२.५ रणनीतिहरू: ........ 55

४.२.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 56

४.२.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 57

४.३ शैक्षिक समता र समावेशीकरण: ........ 58

४.३.१ परिचय: ........ 58

४.३.२ वर्तमान अवस्था: ........ 59

४.३.३ अवसर र चुनौतीहरू: ........ 59

४.३.४ उद्देश्यहरू: ........ 60

४.३.५ रणनीतिहरू: ........ 60
४.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 61
४.३.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 61
४.४ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम: ........ 62
४.४.१ परिचय: ........ 62
४.४.२ वर्तमान अवस्था: ........ 62
४.४.३ अवसर र चुनौतीहरू: ........ 63
४.४.४ उद्देश्यहरू: ........ 63
४.४.५ रणनीतिहरू: ........ 63
४.४.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 64
४.४.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 64
४.५ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा: ........ 65
४.५.१ परिचय: ........ 65
४.५.२ वर्तमान अवस्था: ........ 66
४.५.३ अवसर र चुनौतीहरू: ........ 66
४.५.४ उद्देश्यहरू: ........ 67
४.५.५ रणनीतिहरू: ........ 67
४.५.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 67
४.५.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 68
४.६ विद्यालय भौतिक पूर्वाधार विकास: ........ 69
४.६.१ परिचय: ........ 69
४.६.२ वर्तमान अवस्था: ........ 69
४.६.३ अवसर र चुनौतीहरू: ........ 69
४.६.४ उद्देश्यहरू: ........ 70
४.६.५ रणनीतिहरू: ........ 70
४.६.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 70
४.६.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 71
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि: ........ 72
४.७.१ परिचय: ........ 72
४.७.२ वर्तमान अवस्था: ........ 72

४.७.३ अवसर र चुनौतीहरू: ........ 73
४.७.४ उद्देश्यहरू: ........ 73
४.७.५ रणनीतिहरू: ........ 74
४.७.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 74
४.७.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 75
४.८ छात्रवृत्ति तथा पोशाक: ........ 76
४.८.१ परिचय: ........ 76
४.८.२ वर्तमान अवस्था: ........ 76
४.८.३ अवसर र चुनौतीहरू: ........ 77
४.८.४ उद्देश्यहरू: ........ 77
४.८.५ रणनीतिहरू: ........ 77
४.८.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 77
४.८.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 78
परिच्छेद ५: सुशासन तथा व्यवस्थापन: ........ 79
५.१ शिक्षाको संस्थागत संरचना र क्षमता विकासको अवस्था: ........ 79
५.१.१ परिचय: ........ 79
५.१.२ वर्तमान अवस्था: ........ 79
५.१.३ अवसर र चुनौतीहरू: ........ 80
५.१.४ उद्देश्यहरू: ........ 80
५.१.५ रणनीतिहरू: ........ 81
५.१.६ उपलब्धि तथा प्रमुख नतिजाहरू: ........ 81
५.१.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू: ........ 81
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध: ........ 82
५.२.१ परिचय ........ 82
५.२.२ वर्तमान अवस्था ........ 82
५.२.३ उद्देश्य ........ 83
५.२.४ रणनीति ........ 83
५.२.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य ........ 84
परिच्छेद ६: लगानी र वित्तीय स्रोत व्यवस्थापन ........ 85
६.१ परिचय: ........ 85

६.२ वर्तमान अवस्थाः........................................................................................................................ 85
६.३ अवसर र चुनौतीहरूः........................................................................................................................ 86
६.४ उद्देश्यहरूः ........................................................................................................................ 86
६.५ रणनीतिहरूः........................................................................................................................ 86
६.६ उपलब्धि र नतिजाः ........................................................................................................................ 87
परिच्छेद ७: अनुगमन तथा मुल्यांकन ........................................................................................................................ 95
७.१ परिचयः ........................................................................................................................ 95
७.२ वर्तमान अवस्थाः........................................................................................................................ 95
७.३ अवसर र चुनौतीहरुः ........................................................................................................................ 95
७.४ उद्देश्यहरुः........................................................................................................................ 96
७.५ रणनीतिहरुः ........................................................................................................................ 96
७.६ उपलब्धि तथा प्रमुख नतिजाहरुः........................................................................................................................ 97
७.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः ........................................................................................................................ 97
सन्दर्भ सामाग्रीहरुः........................................................................................................................ 99
अनुसूचीहरु :........................................................................................................................ 100
अनुसुची १ : योजनाको नतिजा खाकाः ........................................................................................................................ 100

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि:

नेपालको संविधानले तीन तहको शासकीय व्यवस्था, तीनै तहका सरकारहरूका बिचमा समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा राखेको छ | संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई तोकिएको छ | स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धीअधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेही बनाउदै शैक्षिक सुशासन कायम गर्ने अभिष्ट राखेको छ | तीनै तहको निर्वाचनपछि मुलुकमा स्थिर सरकार गठन भएको छ | राजनीतिक, प्रशासनिक र वित्तीय संघीयतालाई संस्थागत गर्दै अब हाम्रो ध्यान नागरिकहरूले अनुभूति गर्ने गरी विकास र समृद्धिको यात्रातर्फ केन्द्रित भएको सन्दर्भमा शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक बनाई परिवर्तनको वाहक शक्तिको रूपमा रुपान्तरण गर्नुपर्ने देखिन्छ |

विकासलाई भैतिक रूपमा मात्र नबुझी सामाजिक, मानवीय , आर्थिक लगायतका बहुआयामिक दृष्टिकोणले विश्लेषण गर्न थालिएको छ | नागरिकको मौलिक अधिकारको रूपमा संविधानमै व्यवस्था गरिनुले शिक्षा माग होइन अधिकारमा आधारित अवधारणा (Demand Based VS Right Based Approach) मा अघि बढ्दै छ | विगतका केन्द्रिकृत सोचले तयार र कार्यान्वयन भएका शैक्षिक योजनाहरूले न त स्थानीय तहका माग र आवश्यकतालाई सम्बोधन गर्न सक्यो न त स्थानीयको सहभागिता, अपनत्व र दिगोपना कायम रह्यो | त्यसैले विश्वव्यापीरूपमा शिक्षाको क्षेत्रमा भित्रिएको नवीनतम सोच (Recent Trends of Education), दिगो विकासका लक्ष्य (Sustainable Development Goals), विश्व शिक्षा मञ्चको घोषणापत्र, (Declaration of universal Education by 2030), सोह्रौँ योजनाको आधारपत्र, प्रदेशको आवधिक योजना, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) जस्ता शिक्षाक्षेत्रका रूपान्तरणकारी योजना तथा कार्यक्रमहरूलाई सैद्धान्तिक मार्गदर्शनको रूपमा गाउँ शिक्षा योजनाले ग्रहण गरेको छ।

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कर्तव्य हुन आएको छ। शिक्षामार्फत रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृति विकासमार्फत सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको सरकारको जिम्मेवारीका साथै कर्तव्य समेत हुन आउँछ।

शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव गर्ने हुँदा लगानी वृद्धितर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। युनेस्कोले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रति व्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यसै गरी दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ मा समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्न ,भनिएको छ।


प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुर्याई गुणस्तरीय शिक्षा उपलब्ध गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सिपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवनपर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु यस चुमनुब्री गाउँपालिकाको मुख्य भूमिका हुन आएको छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ। त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क बनाई आशातित उपलब्धि हाँसिल गरेर यस गाउँपालिकालाई शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्ने ध्येयले यो दश वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ।

सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण गर्ने लक्ष्य राखेको छ। सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकासका १७ वटा लक्ष्यमा नेपालले पनि सहमति

जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ।

## १.२ भौगोलिक अवस्थिति:

चुमनुब्री गाउँपालिका गण्डकी प्रदेश स्थित गोरखा जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित रहेको छ। कुल क्षेत्रफल १६४९ वर्ग कि.मि. रहेको चुमनुब्री गाउँपालिका नेपालका ७५३ स्थानीय तह मध्ये भौगोलिक रूपमा चौथो ठुलो गाउँपालिकाको रूपमा रहेको छ।। साविकका ७ वटा गाउँ विकास समितिहरू (समागाउँ, ल्हो, प्रोक, विहि, छेकम्पार, चुम्चेत र सिर्दिबास) मिलाएर चुमनुब्री गाउँपालिकाको निर्माण गरिएको हो। यसको उत्तर र पूर्वतर्फ चीन, पश्चिममा मनाङ र लमजुङ जिल्ला रहेका छन् भने दक्षिणमा गोरखा जिल्लाकै धार्चे गाउँपालिका रहेको छ। गोरखा जिल्लाको मुख्य नदी बुढीगण्डकीको उत्तर पूर्वी भागमा अवस्थित फिलिम गाउँ यस गाउँपालिकाको केन्द्रको रूपमा रहेको छ। गाउँपालिकाको नक्सा यस प्रकारको छ |




| वडा | साविकका गाविस | क्षेत्रफल व.कि.मि. |
|---|---|---|
| १ | सामा गाउँ (१-९) | ३४२ |
| २ | ल्हो (१-९) | २०० |

| | | |
|---|---|---|
| ३ | **सिर्दिबास (१-९)** | **२५८** |
| ४ | **प्रोक (१-९)** | **२०४** |
| ५ | **बिही (१-९)** | **१२१** |
| ६ | **चुम्चेत (१-९)** | **२०७** |
| ७ | **छेकम्पार (१-९)** | **३१७** |
| | **जम्मा** | **१६४९** |

नेपालको धार्मिक, सांस्कृतिक तथा जातीय विविधताको प्रतिनिधित्व गर्दै आफ्नै फरक धार्मिक तथा सांस्कृतिक पहिचानका साथ यस क्षेत्रलाई मूल थलो बनाई करिब ३०० वर्षदेखि बसोबास गर्दै आइरहेका चुम्बा र नुब्री जातिको पहिचानलाई संरक्षण गर्दै यस पालिकाको नाम चुमनुब्री राखिएको हो। त्यसै गरी यहाँका भोटे जातिले उत्तरी चीनबाट नुन ल्याई बास बस्ने र प्रत्येक नाकानाकामा पुर्याउने कार्य गर्ने भएकाले यस स्थानको नाम सिर्दिबास (सिर्दि भनेको नुन) रहेको भनाई पनि प्रचलित छ। यस गाउँपालिकाको नयाँ संरचना निर्माणको क्रममा चुम भ्याली र नुब्री भ्याली दुवैलाई समायोजन गरी गरिएको हुँदा यसको नाम चुमनुब्री रहन गएको हो।
चुमनुब्री गाउँपालिका २८.३१ डिग्रीदेखि ८४.५१डिग्री अक्षांश र ८४.५० डिग्रीदेखि ८४.८४ डिग्री देशान्तरमा फैलिएको छ। चुमनुब्री गाउँपालिका हिमाली क्षेत्रमा  रहेको छ।  यस गाउँपालिकाको हावापानी हिउँदमा अति चिसो हुने तथा हिउँ पर्ने र गर्मी याममा २५ डिग्रीसम्म तापक्रम पुग्ने हुन्छ।।

**१.३ जनसाङ्ख्यिक  विवरण:**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस चुमनुब्री गाउँपालिकाको कुल जनसंख्या ५,९३२ रहेको छ। उक्त जनसङ्ख्यामध्ये महिलाको सङ्ख्या ३,०८७ रहेको छ भने पुरूषको जनसङ्ख्या २,८४५ रहेको छ। कुल जनसङ्ख्यामा दलित जनसङ्ख्या ०.७ प्रतिशत, जनजातिको जनसङ्ख्या ९८.६५ रहेको छ भने अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या ५.४ प्रतिशत रहेको छ। कुल जनसङ्ख्यामा ५ देखि १६ वर्षको जनसङ्ख्याको प्रतिशत १८.९ रहेको छ।  वडागत रूपमा चुमनुब्री गाउँपालिकाको संरचना देहाय अनुसार रहेको छ।

| नयाँ वडा | साविकका वडा | क्षेत्रफल | जनसङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १. | सामागाउँ  (१ देखि ९ सम्म) | ३४२ | २९८ | २२७ | |
| २. | ल्हो (१ देखि ९ सम्म ) | २०० | २६९ | २४५ | |
| ३. | सिर्दिबास (१ देखि ९ सम्म) | २५८ | १२१६ | ११०५ | |
| ४. | प्रोक (१ देखि ९ सम्म) | २०४ | २३६ | २३७ | |
| ५. | बिहि (१ देखि ९ सम्म) | १२१ | २५६ | २२६ | |
| ६. | चुम्चेत (१ देखि ९ सम्म) | २०७ | ३९२ | ४१३ | |
| ७. | छेकम्पार (१ देखि ९ सम्म) | ३१७ | ४२० | ३९२ | |
| जम्मा जनसङ्ख्या : ५९३२ | | | ३०८७ | २८४५ | |
| जम्मा घरधुरीः २०६८ | | | | | |
| जम्मा क्षेत्रफलः १६४९ | | | | | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८,र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट*

| नयाँ वडा | साविकका वडा | क्षेत्रफल | जनसङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |

माथिको तालिका अनुसार यस गाउँपालिकाको जनसङ्ख्या मध्ये मुख्य जातिको रूपमा गुरुङ, लामा नुब्रीपा, र लामा चुम्बा जाति रहेको छ भने गुरुङ जातिको जनसङ्ख्या अधिकरूपमा रहेको छ। बसाईँसराइको दृष्टिकोणबाट यस गाउँपालिकाबाट बसाइँ सरी अन्यत्र जाने जनसङ्ख्याको दर विगत केही वर्षदेखि बढ्दो क्रममा भएको पाइन्छ।

| वडा नं. | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | १८६ | २५९ | ४४५ | ६.८४ |
| २ | २३७ | २६७ | ५०४ | ७.७४ |
| ३ | १३९७ | १४१२ | २८०९ | ४३.१६ |
| ४ | १७९ | २६८ | ४४७ | ६.८७ |
| ५ | १७८ | २८६ | ४६४ | ७.१३ |
| ६ | ४७५ | ३६१ | ८३६ | १२८५ |
| ७ | ४३८ | ५६५ | १००३ | १५.४१ |

स्रोत : घरधुरी सर्वेक्षण २०८२

| लिङ्ग | वडा नं. | | | | | | | कुल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| पुरूष | १८६ | २३७ | १३९७ | १७९ | १७८ | ४७५ | ४३८ | ३०९० | ४७.४८ |
| महिला | २५९ | २६७ | १४१२ | २६८ | २८६ | ३६१ | ५६५ | ३४१८ | ५२.५२ |
| जम्मा | ४४५ | ५०४ | २८०९ | ४४७ | ४६४ | ८३६ | १००३ | ६५०८ | १००.०० |

स्रोत : घरधुरी सर्वेक्षण २०८२

**१.४ सामाजिक र सांस्कृतिक अवस्था:**

यहाँ विभिन्न परम्परा, संस्कृति, मूल्य मान्यता रहेको छ। मातृभाषाको हिसाबले हेर्दा यस गाउँपालिकामा सबैभन्दा धैरै (३३.३ प्रतिशत) घर परिवारले गुरूङ भाषा बोल्दछन्। यसै गरी मातृभाषाको रूपमा २७.६ प्रतिशतले नुब्रीलार्के, २४.२ प्रतिशतले चुम्बा र १३.१ प्रतिशतले कुथाङ प्रयोग गर्ने गरेका छन्। अन्य भाषामा नेपाली, थकालीसमेत बोल्ने गरेकोदेखिन्छ। यहाँ मानिस रैथाने ज्ञान, सिप र प्रविधि प्रयोग गरी पानी घट्ट चलाउने, डोको बनाउने जस्ता कार्य गर्ने गर्दछन्।

**१.५ आर्थिक अवस्था:**

चुमनुब्री गाउँपालिकाको अर्थतन्त्र पर्यटन, कृषि तथा पशुपालन, उच्च मूल्यका जडिबुटी एवं वैदेशिक रोजगारीमा आधारित छ। आर्थिक वर्ष २०७५/७६ मा यहाँको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा रु ८३.०५ करोड रहेको अनुमान छ। यसअनुरूप प्रतिव्यक्ति कुल गाहर्स्थ्य उत्पादन (अनुपस्थित जनसङ्ख्या समेत) रु ८९,४०६ रहेको छ।

कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान ४७ प्रतिशत, द्वितीयक क्षेत्रको १७ प्रतिशत र तृतीय क्षेत्रको ३६ प्रतिशत रहेको अनुमान छ। प्राथमिक क्षेत्रमा उच्च मूल्ययुक्त जडिबुटी, पशुपालन र खाद्यान्न उत्पादनको मुख्य योगदान रहेको छ। द्वितीयक क्षेत्रमा पुनर्निर्माणसँग सम्बन्धित कार्यहरू तथा लघु जलविद्युतको योगदान रहेको छ। उत्पादनशील उद्योगहरूको उपस्थिति न्यून रहेको छ। तृतीय क्षेत्रमा होटेल तथा रेस्टुरेन्ट लगायत पर्यटनमा आधारित व्यवसाय रहेका छन्। जसमध्ये पर्यटन क्षेत्रको योगदान करिव १७ प्रतिशत रहेको अनुमान छ।

| अर्थतन्त्रको आकार सूचक | इकाइ | मान |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन | रु. प्रचलित मूल्यमा (करोडमा) | ८३.०५ |
| आर्थिक वृद्धिदर | आधारभूत मूल्यमा | ७.०६ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | प्रचलित मूल्यमा | ८९४०६ |
| प्राथमिक क्षेत्रको योगदान | प्रतिशत | ४७ |
| द्वितीयक क्षेत्रको योगदान | प्रतिशत | १७ |
| तृतीय क्षेत्रको योगदान | प्रतिशत | ३६ |
| तृतीय क्षेत्रभित्र पर्यटन क्षेत्रको योगदान | प्रतिशत | १७ |

स्रोत: अर्थिक सर्वेक्षण २०७८/०७९

चुमनुब्री गाउँपालिकाको उत्तरी भेगका हिमालहरूमा प्राय बाह्र महिना हिउँ जमिरहन्छ भने दक्षिणी भेकमा खेती गर्ने गरिन्छ। यहाँ मानिसहरूले व्यवसायिक खेती प्रणाली भन्दा पनि निर्वाहमुखी खेती प्रणाली अबलम्बन गरेको पाइन्छ। हिमाली भेगमा लगाइने आलु, मकै, कोदो, जौ, उवा यहाँका प्रमुख परम्परागत बालीहरू रहेका छन्। यहाँ थोरै मात्रामा स्याउ खेती भएको देखिन्छ भने हरियो तरकारी तथा अन्य फलफूलको उत्पादन न्यून रहेको पाइन्छ। यस गाउँपालिकाबाट सङ्कलित तथ्याक अनुसार, यहाँ आलु सबैभन्दा बढी १५११ रोपनीमा खेती हुने गरेको देखिन्छ।

**१.६ शैक्षिक अवस्था:**

यस गाउँपालिकामा पूर्व प्राथमिक कक्षादेखि माध्यमिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन्। साधारण माध्यमिक विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयहरू रहेका छन्।

## १.६. विद्यालयगत विवरण

यसचुमनुब्री गाउँपालिकामा जम्मा २३ विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालयहरूमध्ये २ वटा गुम्बा विद्यालय रहेका छन् भने २१ विद्यालयहरू सामुदायिक विद्यालयको रूपमा सञ्चालनमा रहेका छन् । समग्रमा गाउँपालिकाभित्र सञ्चालनमा रहेका विद्यालयहरू देहाय अनुसार रहेका छन् ।

| वडा | प्रि-स्कुल | आधारभूत | | | माध्यामिक | | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | ECED | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | | |
| जम्मा | ५ | ८ | ६ | १ | ३ | ० | ० | २३ |

स्रोत : IEMIS 2082

## २.६. विद्यार्थी विवरण

यस चुमनुब्री गाउँपालिका अन्तर्गतका विद्यायमा जम्मा १०८५जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । विद्यार्थीको तह, लिङ्ग, जातजातिअनुसारको विवरण देहाय अनुसार रहेको छ ।

**तालिका: विद्यार्थी विवरण**

| तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्वप्राथमिक | ९६ | ११९ | २१५ | ० | ० | ० | ९४ | ११८ | २१२ | २ | १ | ३ |
| कक्षा (१-५) | २८५ | २७१ | ५५६ | २ | ० | २ | २५१ | २७१ | ५५२ | २ | ० | २ |
| कक्षा (६-८) | १०४ | ९७ | २०१ | ० | ० | ० | १०४ | ९७ | २०१ | ० | ० | ० |
| कक्षा (९-१०) | ६५ | ४८ | ११३ | ० | ० | ० | ६४ | ४७ | १११ | १ | १ | २ |
| जम्मा | ५५० | ५३५ | १०८५ | २ | ० | २ | ५१३ | ५३३ | १०७६ | ५ | २ | ७ |

स्रोत EMIS २०८२

माथिको तालिका तालिका अनुसार गाउँपालिका अन्तर्गत अध्ययनरत विद्यार्थीमध्ये दलित विद्यार्थीको संख्या ४ रहेको, जनजाति विद्यार्थीको १०७६ रहेको छ । यस गाउँपालिकामा अध्ययनरत विद्यार्थीमध्ये ५० प्रतिशत विद्यार्थी पिछडिएको समुदायबाट रहेका छन् । कुल विद्यार्थीमध्ये अपाङ्गता भएका विद्यार्थी समेत अध्ययनरत रहेका छन् । अपाङ्गता भएका विद्यार्थीको विवरण देहाय अनुसार रहेको छ ।

तालिकाः अपाङ्गता भएका विद्यार्थी विवरण

| कक्षा/तह | जम्मा विद्यार्थी | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |

| | | | |
|---|---|---|---|
| **पूर्व प्राथमिक** | ० | ० | ० |
| **कक्षा १-३** | ० | ० | ० |
| **कक्षा ४-५** | ० | ० | ० |
| **कक्षा ५-८** | ० | २ | २ |
| **आधारभूत तह १-८** | ० | ० | ० |
| **कक्षा ९-१०** | १ | १ | २ |
| **कक्षा ११-१२** | ० | ० | ० |

तहगतरूपमा अपाङ्गता भएका विद्यार्थी ४ जना रहेकोमा अपाङ्गताको प्रकार अनुसार १ जना  वौद्धिक अपाङ्गता भएका, १ जना दृष्टिसम्बन्धी अपाङ्गता भएका, १ जना  शारीरिक अपाङ्गता र १ जना बहु अपाङ्गताभएका छन्।

स्रोत : EMIS 2082

**शैक्षिक योग्यताको अधारमा चुमनुब्री गाउँपालिकाको जनसङ्ख्या विवरण**

| शैक्षिक योग्यता | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| निरक्षर | ७७६ | २८.५० | १३८७ | ४५.१९ | २१६३ | ३७.३४ |
| पौढ कक्षा पढेको | १६८ | ६.१७ | २८३ | ९.२२ | ४५१ | ७.७९ |
| आधारभूत तह (कक्षा १-५) | ७११ | २६.११ | ५७३ | १८.६७ | १२८४ | २२.१७ |
| आधारभूत तह (६-८) | २५६ | ९.४० | २६६ | ८.६७ | ५२२ | ९.०१ |
| माध्यमिक तह (९-१०) | ३५९ | १३.१८ | ३१६ | १०.३० | ६७५ | ११.६५ |
| उच्च माध्यमिक तह (११-१२) | ३७३ | १३.७० | २३१ | ७.५३ | ६०४ | १०.४३ |
| स्नातक तह | ७५ | २.७५ | १२ | ०.३९ | ८७ | १.५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्नातकोत्तर तह | ४ | ०.१५ | १ | ०.०३ | ५ | ०.०९ |
| पिएचडी | १ | ०.०४ | ० | ०.०० | १ | ०.०२ |

**स्रोत: घरधुरी सर्वेक्षण २०८२**

## ३.६. शिक्षक विवरण

यस चुमनुब्री गाउँपालिकामा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा तथा शिक्षण सिकाइ अनुदानमा शिक्षक कोटाको व्यवस्था रहेको छ। यी शिक्षक पदका लागि सङ्घीय सरकारबाट बजेट उपलब्ध हुने गरेको छ। यसका अतिरिक्त गाउँपालिकाले आफ्नै स्रोतबाट आधारभूत तहमा र माध्यमिक तहमा थप शिक्षकको व्यवस्था गरेको छ। हाल गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात १:२२ रहेको छ| हालसम्म आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० मा सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षक व्यवस्था हुन सकेको छैन। यस गाउँपालिकामा देहाय अनुसारको शिक्षक सङ्ख्या रहेको छ।

**तहगत शिक्षक दरबन्दी विवरण**

**संघीय तर्फ**

| क्र.स | तह | दरबन्दीको किसिम | दरबन्दी सङ्ख्या |
|---|---|---|---|
| १. | प्रारम्भिक बाल विकास | स्वीकृत | ११ |
| २. | प्राथमिक | स्वीकृत | ४४ |
| | | राहत | ४ |
| | | सङ्घीय अनुदान | ० |
| ३. | निम्न माध्यमिक | स्वीकृत | १ |
| | | राहत | १ |
| | | सङ्घीय अनुदान | ३ |
| ४. | माध्यमिक | स्वीकृत | ० |
| | | राहत | ४ |
| | | सङ्घीय अनुदान | ३ |

**गाउँपालिका अनुदान तर्फ**

| क्र.स. | तह | दरबन्दी सङ्ख्या |
|---|---|---|
| १. | प्रारम्भिक बालविकास | १० |
| २. | प्राथमिक | २ |
| ३. | निम्न माध्यमिक | १ |

| | | |
|---|---|---|
| ४. | **माध्यमिक** | ० |

स्रोत : IEMIS 2082

**१.७ यस गाउँपालिकाको शिक्षा क्षेत्रका मुख्य समस्याहरू:**

- ☞ **शिक्षामा पहुँच**: विशेष गरी ग्रामीण/ विकट क्षेत्रमा सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गराउने दायित्व पूरा गर्न नसकिएको
- ☞ न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास केन्द्रहरूको व्यावस्थापन गर्न नसकिएको
- ☞ **विशेष शिक्षा व्यवस्था**: शारीरिक, मानसिक वा अन्य विशेष आवश्यकताहरू भएका बालबालिकाहरूका लागि उपयुक्त शिक्षाको अभाव भएको
- ☞ **विद्यालयहरूको स्थापना र वितरण**:भौगोलिक विकटताका कारण विद्यालयहरू सुलभ दूरीमा नहुनु र असमान वितरणले बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्न कठिनाइ भएको
- ☞ **मैत्रीपूर्ण सिकाइ वातावरण**: विद्यालयमा बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्री वातावरणको व्यवस्थापन सम्बन्धी समस्या भएको
- ☞ **इन्टरनेट र प्रविधिको पहुँच**: आधुनिक शिक्षामा प्रविधिको भूमिका महत्वपूर्ण छ, तर विद्यालयहरूमा इन्टरनेट र सूचना प्रविधिको पहुँचको कमी भएको
- ☞ **भौतिक पूर्वाधार**: पर्याप्त भौतिक पूर्वाधारको अभावले सिकाइ वातावरणलाई प्रत्यक्ष रूपमा प्रभावित भएको
- ☞ आवश्यकता अनुसार विद्यालयहरूमा प्रर्पाप्त विद्यार्थी आवासको व्यवस्थापन गर्न नसकिएको
- ☞ **शिक्षामा अनिवार्य र निःशुल्क व्यवस्था**: आधारभूत तहमा अनिवार्य र निःशुल्क शिक्षा भनिएता पनि गुणस्तरमा कमी रहेको र माध्यमिक तहमा पूर्ण रूपमा निःशुल्क व्यवस्था नभएकोले सबैलाई समान शिक्षाको अवसर प्रदान गर्न नसकिएको
- ☞ **सिपमूलक शिक्षा**: व्यवहारिक जीवनसँग अनुकुलन हुने व्यावहारिक र सिपमूलक शिक्षाको अभाव भएको
- ☞ **प्राविधिक र व्यावसायिक शिक्षाको अभाव**: सिपमूलक र प्राविधिक शिक्षा प्रणालीको विकास र कार्यान्वयन नहुनुले रोजगारका अवसरहरू सिर्जना गर्न कठिनाइ भएको
- ☞ **पर्याप्त दरबन्दी**: विद्यालयहरूमा पर्याप्त दरबन्दी नहुँदा गुणस्तर कायम गर्न कठिनाइ भएको
- ☞ **शिक्षकहरूको तालिम**: शिक्षकहरूलाई प्रयाप्त तालिम र प्रविधिको पहुँच पुर्याउन नसकिएको
- ☞ **शिक्षक व्यवस्थापन**: कम्प्युटर, विज्ञान, गणित आदि विषयहरूको अध्यापन गर्न योग्य शिक्षकहरूको कमीले शिक्षा प्रणालीमा कठिनाइ खडा भएको तथा कठिन भूगोलका कारण स्थायी शिक्षकहरूलाई लामो समय सरुवा जान रोकी विद्यालयमा टिकाउन समस्या भएको
- ☞ **विद्यालय छोड्ने दर**: विद्यार्थीहरूको विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने दर उच्च भएको समुदायको विद्यालय शिक्षा प्रति पर्याप्त चासो नभएको
- ☞ सरोकारवालाहरूमा शैक्षिक व्यवस्थापन तथा सुशासनसम्बन्धी सक्षमताको अभाव रहेको

☞ **शैक्षिक बेरोजगारी**: व्यवसायिक तथा सिपमूलक शिक्षा र बेरोजगारीको समस्या समाधान गर्न सक्षम नीतिहरूको अभावका कारण बेरोजगारीको समस्या थप गम्भीर बनेको

### १.८ यस गाउँपालिकाको शिक्षा क्षेत्रका चुनौतीहरू:

☞ सीमित  शैक्षिक स्रोत र साधनको उच्चतम उपयोग गर्न

☞ सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्न

☞ विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न

☞ न्युन विद्यार्थी र शिक्षक दरबन्दी भएका विद्यालयहरूलाई नक्साङ्कन गरी विद्यालय समायोजनको नीतिअनुसार प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न

☞ निःशुल्क र अनिवार्य शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्न

☞ विद्यालयको भौतिक संरचना र नक्साङ्कनको सुधार तथा समायोजन गर्न

☞ विद्यालय नक्साङ्कन अनुसार आवासीय विद्यालयहरूको व्यवस्थापन गर्न

☞ पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा सुधार गर्न

☞ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउन

☞ विपद व्यवस्थापन र वैकल्पिक शिक्षणको सहजीकरण गर्न

☞ जीवन पर्यन्त सिकाइका अवसरहरूको सुनिश्चितता गर्न

☞ उपर्युक्त भौतिक पूर्वाधारहरूको निर्माण र व्यवस्थापन गर्न

☞ विद्यालय शिक्षामा सुशासन कायम गर्दै प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न ।

### १.९ यस गाउँपालिकाको शिक्षा क्षेत्रकाअवसरहरू:

माथि उल्लेख गरिएका चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरू रहेका छन् -

☞ विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रूपमा रहेको

☞ दिगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको

☞ सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको

☞ गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्न तत्पर रहेको

☞ गाउँपालिका शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री व्यवस्थापन गर्न तत्पर रहेको

☞ शिक्षक पेसागत विकासका लागि गाउँपालिकास्तरमा विज्ञ समूह गठन गरिएको  तथा विद्यालय स्तरमा शिक्षक सिकाइ समूह निर्माण  गर्ने योजना भएको

- ☞ आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गर्न कानुनी आधार निर्माण भएको
- ☞ दातृ निकायहरूको साझेदारी, समन्वय र सहकार्य रहेको
- ☞ व्यवसायिक शिक्षा एवं तालिमको विस्तार गर्न सकिने प्रावधान हुनु
- ☞ समुदायमा शिक्षाप्रतिको आकर्षण बढ्दै गएको

**१.१० गाउँपालिकाको मुख्य शैक्षिक कार्यसम्पादन सूचक र वर्तमान अवस्था :**

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | ८५ | ८७ | ९३ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८०.४ | ८५ | ९० | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ६२.० | ६८ | ७५ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | ११६.३ | ११३ | १०९ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९५.३ | ९८ | ९९ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | १२४.८ | १२० | ११५ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | ७५ | ८० | ८५ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | १३३.३ | १२५ | ११५ | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ८३.२ | ८७ | ९२ | १०० |
| २.८ | आधारभूत तह ( कक्षा ५) पूरा गर्ने दर* (%) | ३६.२५ | ८० | ९० | १०० |
| २.९ | आधारभूत तहमा ( कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | २३.४ | २० | १५ | ० |
| २.१ | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.०३ | १.०२ | १.० | १.० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९४ | ९६ | ९८ | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १२४.१ | १२० | ११५ | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ७८.८ | ८२ | ९० | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | २७.१ | ९० | १०० | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०४ | १.०२ | १.० | १.० |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | ५२ | | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | २६.०८ | ३० | ४० | ५० |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१०) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७०.५ | ७५ | ९० | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | १०४.९ | १०२ | १०१ | १०० |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.३५ | १.२ | १.० | १.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ८३.३ | ८७ | ९५ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६७.४ | ९० | ९५ | १०० |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१०) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | ११ | ९० | ९५ | १०० |
| ४. | जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ३९.२ | ७० | ८० | ९० |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | | | | |
| ५. | सुशासन तथा व्यवस्थापन | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | ११.६ | १० | १० | १० |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | २७.८ | २५ | २० | २० |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १५.१४ | १५ | १५ | १५ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | २८.२५ | २० | १५ | १५ |

### १.११ शिक्षा योजनाले समेट्ने पक्षहरू

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| १ | पहुँच | • **भौगोलिक पहुँच**: विद्यालय र शैक्षिक संस्थानहरूका स्थान र त्यसको पहुँच<br>• **आर्थिक पहुँच**: शैक्षिक शुल्क, सामाग्रीको लागत र विद्यार्थीका लागि वित्तीय सहयोगको उपलब्धता<br>• **सामाजिक पहुँच**: विभिन्न समुदाय, जाति, र लिङ्गका विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने समान अवसर<br>• **संरचनात्मक पहुँच**: विद्यालयको भौतिक संरचना, पूर्वाधार र शिक्षण साधनहरूको उपलब्धता<br>• **प्रविधिक पहुँच**: डिजिटल शिक्षा र अनलाइन स्रोतहरूमा पहुँच<br>• **सामाजिक-भावनात्मक पहुँच**: मानसिक स्वास्थ्य, समावेशी शिक्षा र विद्यार्थीहरूको भावनात्मक साक्षरता<br><br>यी विषयहरूले शिक्षा क्षेत्रमा पहुँच र समावेशिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। |
| २ | गुणस्तर | • **पाठ्यक्रम**: पाठ्यक्रमको डिजाइन, सामग्री र सान्दर्भिकता<br>• **शिक्षण विधि**: शिक्षकहरूको शिक्षण शैली, विधिहरू र शैक्षणिक प्रविधिहरूको प्रयोग |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | • **शिक्षकको योग्यता**: शिक्षकहरूको प्रशिक्षण, पेसात विकासको अवसर<br>• **सामग्री र स्रोतहरू**: पाठ्यपुस्तक, शैक्षिक सामाग्री र अन्य स्रोतहरूको गुणस्तरको सुनिश्चितता<br>• **मूल्याङ्कन प्रणाली**: विद्यार्थीहरूको मूल्याङ्कनका विधि र व्यवहारिक प्रयोग<br>• **सामाजिक समावेशिता**: सबै विद्यार्थीका लागि समान अवसर र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने पहल<br>• **शिक्षा परिणाम**: विद्यार्थीहरूको सिकाइ परिणाम, कौशल र ज्ञानको स्तर<br><br>यी विषयहरूले शिक्षा प्रणालीको गुणस्तरमा महत्वपूर्ण प्रभाव पार्छन् । |
| ३ | व्यवस्थापन | • **नीतिगत योजना**: शिक्षा नीतिहरूको विकास र कार्यान्वयन<br>• **शिक्षण संस्थानको सञ्चालन**: विद्यालय प्रशासन र सञ्चालन<br>• **स्रोत व्यवस्थापन**: वित्तीय, भौतिक र मानव संसाधनहरूको व्यवस्थापन<br>• **शिक्षक व्यवस्थापन**: शिक्षकको नियुक्ति,  तालिम, क्षमता विकास र मूल्याङ्कन<br>• **विद्यार्थी व्यवस्थापन**: विद्यार्थीको भर्ना, उपस्थिति र शैक्षिक प्रगति अनुगमन गर्ने प्रक्रिया<br>• **सञ्चार र समन्वय**: विद्यालय भित्र र बाहिरको सञ्चार र सम्बन्ध व्यवस्थापन<br>• **गुणस्तर मूल्याङ्कन**: शिक्षा प्रणालीको गुणस्तर मापन र सुधारका उपायहरूको विकास<br>• **समावेशिता र विविधता**: सबै विद्यार्थीको समान पहुँच र समावेशिताका लागि रणनीतिहरू<br><br>यी विषयहरूले शिक्षा व्यवस्थापनमा प्रभावकारीता र पारदर्शिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । |
| ४ | क्षमता विकास | • **सिप र ज्ञान**: विद्यार्थीहरूको विशिष्ट सिप र ज्ञानको विकास, जसले उनीहरूलाई व्यावसायिक र व्यक्तिगत जीवनमा सफल बनाउन मद्दत गर्दछ ।<br>• **सामाजिक  क्षमताहरू**: सहकार्य, संचार  र समस्या समाधान जस्ता सामाजिक सिपहरूको विकास |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | • **आत्मविश्वास र प्रेरणा**: विद्यार्थीहरूको आत्मविश्वास र आत्म प्रेरणा बढाउने- पहल र कार्यक्रम<br>• **क्रियात्मक शिक्षा**: व्यावहारिक अनुभव र कार्यान्वयनमार्फत सिकाइमा सक्षम बनाउने विधिहरू<br>• **प्रविधिक क्षमताहरू**: डिजिटल साक्षरता र प्रविधि प्रयोगका सिपहरूको विकास<br>• **आलोचनात्मक सोच र रचनात्मकता**: विद्यार्थीलाई विश्लेषणात्मक सोच र रचनात्मक समाधानका लागि सक्षम बनाउने गतिविधिहरू<br>• **समस्याको समाधान**: वास्तविक जीवनका समस्याहरूमा काम गर्ने र समाधान खोज्ने क्षमताको विकास<br><br>यी विषयहरूले सक्षम र सक्रिय जनशक्ति विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् । |
| ५ | मूल्याङ्कन | • **विद्यार्थीको प्रदर्शन**: विद्यार्थीहरूले कति राम्ररी पाठ्यक्रमको सामग्री सिकेका छन्, उनीहरूको परीक्षा परिणाम र कार्यहरूको मूल्याङ्कन<br>• **शिक्षण विधिहरू**: शिक्षकहरूको शिक्षण पद्धति र तिनको प्रभावकारीता कस्तो छ भन्ने कुराको विश्लेषण<br>• **पाठ्यक्रमको उपयुक्तता**: पाठ्यक्रमले विद्यार्थीहरूको आवश्यकताहरू कत्तिको पूरा गर्छ र सान्दर्भिकता कस्तो छ भन्ने पक्षको लेखाजोखा<br>• **मूल्याङ्कन विधि**: प्रयोग गरिएका मूल्याङ्कनका तरिका र प्रक्रियाहरू जस्तै), परीक्षण, परियोजना, प्रजेन्टेशनकत्तिको उचित छन्। (<br>• **समाज र संस्कृति**: मूल्याङ्कन प्रक्रियाले समाजिक र सांस्कृतिक सन्दर्भलाई कत्तिको ध्यानमा राख्छ<br>• **पृष्ठपोषण प्रक्रिया**: विद्यार्थी र शिक्षकहरूका लागि पृष्ठपोषणको महत्व र यसलाई कसरी सुधार गर्न सकिन्छ<br>• **गुणस्तर मापन**: शिक्षा प्रणालीको गुणस्तर र प्रभावकारिताको मापन<br>• **समावेशिता**: सबै विद्यार्थीको लागि मूल्याङ्कन प्रक्रिया कति समावेशी छ र यसले विविधता कसरी समेट्छ |
| ६ | सुशासन | शिक्षा योजना निर्माण गर्दा सुशासनको अवधारणा विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ, किनकि सुशासनले योजना कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व, सहभागीता, प्रभावकारिता, र कानुनी राज्यको सिद्धान्त सुनिश्चित गर्दछ । सुशासनको दृष्टिकोणले शिक्षा योजनालाई प्रभावकारी र दिगो बनाउन मद्दत गर्छ । सुशासनका मुख्य पक्षहरू: |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | • **पारदर्शिता (Transparency):**<br>योजना निर्माण र कार्यान्वयनको प्रत्येक चरणमा खुलापन, सार्वजनिक जानकारीको पहुँच, र निर्णय प्रक्रियामा स्पष्टता हुनुपर्छ।<br>• **उत्तरदायित्व (Accountability):**<br>शिक्षा क्षेत्रमा संलग्न निकायहरूलाई आफ्नो जिम्मेवारी बुझाउन र कामको प्रतिफलका लागि जवाफदेही बनाउन आवश्यक छ।<br>• **जनसहभागिता (Participation):**<br>योजना निर्माणमा विभिन्न सरोकारवालाहरू (विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय)को सहभागिता सुनिश्चित गर्नुपर्छ। यसले योजना जनउत्तरदायी र व्यवहारिक हुन्छ।<br>• **समावेशिता (Inclusiveness):**<br>योजना सबै वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका व्यक्तिहरूको पहुँच योग्य र समावेशी हुनुपर्छ।<br>• **कानुनी राज्य (Rule of Law):**<br>शिक्षा योजनामा कानुनको पालना, नीति र कानुनी मापदण्ड अनुसार काम गरिनुपर्छ, जसले अधिकारहरूको रक्षा र शिक्षाको गुणस्तर सुनिश्चित गर्छ।<br>• **प्रभावकारिता (Effectiveness):**<br>शिक्षा योजनाले आफ्ना लक्ष्यहरू प्राप्त गर्न सक्षमता र स्रोतहरूको उचित व्यवस्थापनमा ध्यान दिनुपर्छ। |

### १.१२ शिक्षा क्षेत्रको SWOT विश्लेषण तालिका

| तत्त्व | विवरण |
|---|---|
| **Strengths (शक्ति)** | - गाउँपालिकामा सार्वजनिक शिक्षा क्षेत्रमा सकारात्मक जनमत र द्विपक्षीय/बहुपक्षीय सहकार्य छ<br>- शिक्षा सुधारका लागि नीति र नियम बनाउने क्षमता<br>- शिक्षक पेसागत विकासका लागि स्थानीय स्तरमा विज्ञ समूह र शिक्षक सिकाइ समूहको निर्माण योजना<br>- आधारभूत र माध्यमिक शिक्षा अनिवार्य गर्ने कानुनी आधार |
| **Weaknesses (कमजोरी)** | -विशेष गरी ग्रामीण र विकट क्षेत्रहरूमा शिक्षाको पहुँच पुग्न नसक्नु<br>- प्रारम्भिक बालविकास केन्द्रहरूको न्यूनतम मापदण्ड पूरा हुन नसक्नु<br>- विशेष शिक्षाको व्यवस्थापनमा ध्यान नपुग्नु<br>- शिक्षकहरूको तालिम र प्रविधिमा पहुँचको कमी<br>- विद्यालयको भौतिक पूर्वाधारको अभाव<br>- विद्यालय छोड्ने दर र शैक्षिक बेरोजगारी उच्च हुनु |

| | |
|---|---|
| **Opportunities (अवसर)** | - विद्यालय शिक्षाको पहुँच र गुणस्तर वृद्धि गर्न विभिन्न वितरण कार्यक्रम र संरचनाहरू उपलब्ध छन्<br>- दातृ निकायहरूको साझेदारी र सहयोगबाट शिक्षा क्षेत्रमा सुधार गर्न सकिने अवसर<br>- व्यवसायिक शिक्षा र तालिमको विस्तारको प्रावधान<br>- जीवनपर्यन्तर्यन्त सिकाइका अवसरहरूको सुनिश्चितता |
| **Threats (खतरा)** | - सूचना र सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयनमा समस्या<br>- शिक्षामा सिपमूलक र प्राविधिक शिक्षा नहुँदा रोजगार अवसरको अभाव<br>- विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण विधिहरूको अभाव<br>- विद्यालय नक्साङ्कन र समायोजन गर्न नसक्नु<br>- विद्यालय छोड्ने दरको वृद्धि र कक्षा दोहोर्‍याउने समस्या |

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

यस परिच्छेदमा योजनाको दूरदृष्टि ध्येय उद्देश्यहरू, मुख्य रणनीति तथा नतिजाहरू र योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त प्रस्तुत गरिएको छ। दूरदृष्टि ,ध्येय तथा उद्देश्यहरू मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकुलता र दिगो विकास लक्ष्य तथा सोह्रौँ योजनाका प्राथमिकतासँगको सामञ्जस्यमा आधारित छन्। परिच्छेद २ मा उल्लेख गरिएको स्थानीय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चूनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग चित्र पहिचानका लागि आधार तयार गरेका छन्। यसमा मूल रूपमा अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ जस्ता कुराहरू यसमा समेटिएको छ।

### २.१ दूरदृष्टि:

**समावेशी, गुणस्तरीय र सिपमुलक शिक्षाको अधिकार समृद् र समुन्नत चुमनुव्रीको आधार**

### २.२ गाउँपालिको दीर्घकालीन सोच:

**सभ्य, समृद्ध, प्रविधिमैत्री ,व्यवसायिक दक्ष जनशक्ति र रोजगारमा सुनिश्चितता**

**सुखी र शिक्षित समाज रुपान्तरणमा हाम्रो प्रतिवद्धता**

### २.३ लक्ष्य:

माध्यमिक तह सम्मको शिक्षामा समावेशिता सहितको पहुँच, समता तथा सक्षमतामा आधारित गुणस्तरीय तथा जीवन उपयोगी शिक्षाको सुनिश्चित गर्ने।

### २.४ उद्देश्य:

- ☞ सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।
- ☞ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।
- ☞ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
- ☞ आधारभूत तथा माध्यमिक तहमा व्यवसायिक शिक्षामा सबैको सहभागिता सुनिश्चित गर्नु|
- ☞ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।
- ☞ विद्यालयहरूमा सुशासन प्रवर्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।
- ☞ विद्यालयलाई भय, विभेद र दुर्यव्यवहारमुक्त तथा विविधता अनुकुल बनाई बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।
- ☞ आपतकालीन, सङ्कटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।
- ☞ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
- ☞ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सिपयुक्त र सकारात्मक सोच भएकासचेत नागरिक तयार गर्नु।
- ☞ नयाँ अवसरहरू खोजी गर्दै सिपयुक्त, समय सान्दर्भिक दक्ष जनशक्ति उत्पादन गर्नु।
- ☞ नविनतम प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई जीवन उपयोगी बनाउनु।

☞ विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु ।
☞ उपयुक्त शैक्षिक पूर्वाधार सहितको बालमैत्री, अपांगमैत्री, लैंगिकमैत्री र प्रविधिमैत्री वातावरण तयार गर्नु ।
☞ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
☞ विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
☞ आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
☞ अभिभावक शिक्षा तथा सचेतना वृद्धि गर्नु ।

**२.५ रणनीति:**

☞ सबै बालबालिकाहरूको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउनगाउँपालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्साङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने।
☞ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरिगुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावकसचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरूमा जोड दिने।
☞ माध्यमिक शिक्षामा सबैकोपहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्तापक्षहरूमा जोड दिने।
☞ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।
☞ विद्यालयहरूमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरूमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरू निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने।
☞ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने ।
☞ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ताजोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने ।
☞ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित ऐन तथा नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।
☞ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।
☞ रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक तथा ब्यबसायिक शिक्षालयसँग समन्व्य विस्तार गर्ने ।
☞ आर्थिक रूपले विपन्न, समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।

☞ एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै बाल विकास केन्द्रको ब्यवस्थापन अवस्था विश्लेषण सर्वे गरी राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका बमोजिम गर्ने ।

☞ शिक्षक दरबन्दि मिलान नियमित गर्दै अपुग शिक्षक भएका विद्यालयमा स्वयंमसेवक शिक्षक वा करार शिक्षकको ब्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको ब्यवस्था गर्ने ।

☞ राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास गर्ने

☞ शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित बनाउने

☞ पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण गर्ने

☞ शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने अवस्थाको स्रिजना गर्ने

☞ शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार गर्ने

☞ शिक्षक विद्यारथी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण गर्ने

☞ शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित गर्ने

☞ विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको गर्ने

☞ विद्यालयकोविकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउने

☞ विद्यालयमा गुणस्तरीय तथा समतामुलक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार गर्ने

☞ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमापर्याप्त अवसर प्राप्त गरेको गर्ने ।

☞ स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना गरि सञ्चालनमा ल्याउने

☞ विभिन्न समिति , प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्ने

☞ विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गराउने

☞ आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने

☞ प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने

☞ समावेशी तथा समान अवसरयुक्त शिक्षण–सिकाइ वातावरणको विकास गर्ने।

☞ जलवायु उत्थानशील, सुरक्षित र वातावरणमैत्री विद्यालय वातावरणको विकास गर्ने।

☞ लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार गर्ने

☞ विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार गर्ने

☞ सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशलबनाउने

☞ अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास गराई नतिजामा आधारित अनुगमन प्रणाली स्थापित गर्ने

**२.६ कार्यनीति:**

- ☞ विद्यालय तहका सबै बालबालिकाहरूको पुहँचमा सुधारको लागि भर्ना अभियान लाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी  भर्ना अभियानलाई घरदैलो अभियान सहित विद्यार्थी विवरण सहितको सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा  गाउँपालिकास्तरीय सञ्चालन गरिनेछ।
- ☞ विद्यालय जान नसक्ने बालबालिकाहरूको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग गाउँपालिका अध्यक्ष कार्यक्रम लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ।
- ☞ हरेक वडा सहित गाउँपालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- ☞ प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७लाई कार्यान्वयनमा ल्याइनेछ।
- ☞ प्रधानाध्यापकहरूले खाईपाई आएको तलवमानमा १० प्रतिशत प्रोत्सहान भत्ताको व्यवस्था गरिनेछ।
- ☞ प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ।
- ☞ निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई एक कार्यविधि तयार गरी परिचालन गरिनेछ।
- ☞ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि गाउँपालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ।
- ☞ महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चिति भएका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछ।
- ☞ विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै गाउँपालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ।
- ☞ सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि आवश्यक न्युनत्तम पूर्वाधार सहितका सामग्रीको सुनिश्चितता  गर्दै प्रविधिमैत्री शिक्षणसिकाई लागु गरिनेछ।
- ☞ शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रूपमा तोकि कार्यान्वयनमा ल्याइनेछ।
- ☞ आधारभूततहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यन्वनको लागि आवश्यक संयन्त्रको विकास गरिनेछ।
- ☞ विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।
- ☞ निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ।

- ☞ विद्यालयमा प्रधानाध्यापक छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षणलागु गरिनेछ साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रूपमा नेतृत्वदायि क्षमता विकासको अवसर प्रदान गरिनेछ ।
- ☞ विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन आवश्यक विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरूमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकनगर्ने रसामाजिक परीक्षण, लेखापरीक्षण र बार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्याङ्कन सगँ विद्यालयमा हुने निकासालाई जोड्दैयस्ता कार्यहरूलाई सबै विद्यालयमा सापेक्ष परिवर्तन अनुसार अनिवार्य र प्रभावकारी बनाउने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।
- ☞ संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न गाउँपालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ ।
- ☞ अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिनेछ ।
- ☞ वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ ।
- ☞ विद्यालयमा समावेशी शिक्षा सम्बन्धी नीति तथा मापदण्ड कार्यान्वयन गर्ने।
- ☞ शिक्षकहरूलाई समावेशी शिक्षण विधि तथा विशेष आवश्यकतायुक्त बालबालिकासँग काम गर्ने क्षमता विकास तालिम प्रदान गर्ने।
- ☞ अपाङ्गमैत्री भौतिक पूर्वाधार, शौचालय तथा सिकाइ सामग्रीको व्यवस्था गर्ने।
- ☞ सीमान्तकृत तथा विशेष आवश्यकताका बालबालिकाको नियमित पहिचान, अभिलेखीकरण र सहयोग प्रणाली विकास गर्ने।
- ☞ अभिभावक तथा समुदायसँग समन्वय गरी बालबालिकाको विद्यालय सहभागिता र सिकाइमा सहयोग गर्ने।
- ☞ विद्यालय भवन तथा पूर्वाधार निर्माण/मर्मतमा जलवायु जोखिम न्यूनीकरणका मापदण्ड लागू गर्ने।
- ☞ सुरक्षित खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन प्रणाली सुदृढ गर्ने।
- ☞ विद्यालयमा हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्ने।
- ☞ विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना र अभ्यासलाई विद्यालय कार्यक्रममा समावेश गर्ने।
- ☞ ऊर्जा दक्ष तथा वातावरणमैत्री प्रविधि (जस्तै सौर्य ऊर्जा) को प्रयोगलाई प्रोत्साहन गर्ने।
- ☞ भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पीउने पानी, शौचालय, फर्निचर आदी) विकास गरिनेछ ।
- ☞ शैक्षिक जनशक्ति विकासका लागि प्रशिक्षण केन्द्र व्यवस्थापन गरिनेछ ।

☞ सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरूका सन्ततिहरूलाई सरकारी विद्यालयमा अनिवार्य पढाउने निति लिईनेछ।

☞ विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ।

☞ विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

☞ विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

☞ सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ।

**२.७ अपेक्षित उपलब्धिहरू:**

☞ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।

☞ सबै सामुदायिक विद्यालय तथा शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्तिको व्यवस्थापन भएको हुनेछ।

☞ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशिलल, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

☞ सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

☞ सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन्।

☞ विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ।

☞ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ।

☞ प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ।

☞ सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ।

☞ सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।

☞ पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ।

☞ माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ।

☞ विद्यालयहरूप्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ।

- ☞ अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकताका बालबालिकाको विद्यालय पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा वृद्धि हुनेछ।
- ☞ विद्यालयहरू समावेशी तथा बालमैत्री सिकाइ केन्द्रका रूपमा विकसित हुनेछ।
- ☞ शिक्षकहरूको समावेशी शिक्षण क्षमता सुदृढ हुनेछ।
- ☞ विद्यालयहरू सुरक्षित, वातावरणमैत्री तथा जलवायु जोखिमप्रति उत्थानशील बन्नेछन्।
- ☞ विद्यार्थीहरूमा वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान, सीप र व्यवहार विकास भएको हुनेछ।
- ☞ विद्यालयमा स्वच्छ, हरित र दिगो सिकाइ वातावरण सुनिश्चित हुनेछ।
- ☞ सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ ।
- ☞ स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

## परिच्छेद ३: विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू :

### ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा :

### ३.१.१.परिचय:

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । नेपालको संविधानको धारा ३९ को बालबालिकाको हक उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक वालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगका रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति,२०७६ मा उल्लेख भएकोले र नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि बालविकास कार्यक्रम समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयको सहयोगले यस गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर चुमनुब्री गाँउगाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था:

चुमनुब्री गाउँपालिकामा जम्मा २३ वटा बाल विकास केन्द्र रहेका छन् | जसमा २५१ जना बालबालिका अध्ययन गरिरेहेका छन् | भौगोलिक कठिनाईका कारणले बालबालिका बाल विकास केन्द्र सम्मको पहुँच निकै कम रहेको छ | भौत्तिक संरचना निकै दयनीय अवस्थामा रहेको छ | गाउँपालिका भित्र प्रारम्भिक बालविकासको सूचकांक अवस्था यस प्रकार रहेको छ |

| क्रस | तह | सुचांक | | आधारवर्ष २०८२/०८३ |
|---|---|---|---|---|
| १ १. | **प्रारम्भिक बाल विकास** | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(%) * | स्थानीय | ८५ |
| १ २. | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) * | स्थानीय | ६२ |
| १ ३. | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | | १०० |
| १ ४. | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | | ७६ |
| १ ५. | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका(%) * | स्थानीय | ६३.३४ |

**३.१.३ अवसर र चुनौतीहरू:**

- सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक तथा शिक्षाको अवसर सुनिश्चित गर्न बालविकास तथा शिक्षा केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा बनाउनु।
- प्रारम्भिक वालविकास तथा शिक्षा ३–४ वर्षको उमेर समूह लक्षित गरी तोकिएको उमेरमा बालबालिका भर्ना गर्नु।
- निश्चित पाठ्यक्रमको निर्माण गरि कार्यान्वयनगर्नु।
- सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि , वृत्तिविकास र क्षमता विकास ।
- वालविकास उमेर समूहका बालबालिकाहरू स्वास्थ्यको हिसाबले जटिल उमेर समूह भएको कारण स्वास्थ्य सेवाको उपलब्धता।
- प्रारम्भिक बालविकासतथा शिक्षा सिकाइको सुरुवाती चरण भएकोले शारीरिक र मानसिक दुवै हिसाबले कमजोर भएको कारण बालमैत्री कक्षा व्यवस्थापन गर्नु।
- अभिभावकहरूलाईबाल विकास प्रति थप जिम्मेवार बनाउनु।
- पोषण,स्वास्थ्य, दिवा खाजा लगायत बालबालिका सहायता प्रणालीको उचित व्यवस्था गर्नु।

**३.१.४ उद्देश्यहरू:**

यस शिक्षा योजनाको प्रारम्भिक बालविकासतथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि योजनाले प्रारम्भिक वालविकास तथा शिक्षासम्बन्धी निम्नलिखत उद्देश्यहरू राखेको छ।

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास शिक्षामा पहुँच बृद्धि गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु।
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

**३.१.५ रणनीतिहरू:**

१. बालविकास केन्द्रको नक्साङ्कन, पुनर्निर्माण र आवश्यकता अनुसार नयाँ केन्द्रहरू स्थापना गरिनेछ।
२. संघीय सरकारले निर्धारण गरेको मापदण्ड र ढाँचा अनुसारका कोटाहरू वृद्धि गर्न प्रयास गरी प्रारम्भिक बालविकासतथा शिक्षाको संचालन तथा व्यवस्थापन गरिनेछ।
३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने सीमान्तकृत तथा अतिविपन्न समुदायका बालबालिका तथा आपाङ्गता भएका ३–४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षाका कार्यक्रमहरू विकास गरी पहुँच सुनिश्चित गरिनेछ।
४. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न र सबै बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गर्ने समय सापेक्ष पाठ्यक्रमको परिमार्जन तथा अनुकुलन गरी कार्यान्वयन गरिनेछ।
५. बालविकासकेन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकासित गरी सबै बालबालिकाका लागि अनिवार्य रूपमा भर्ना गरिनेछ।
६. पोषण र बालअधिकार बारे अभिभावकहरूलाई जानकारी दिने र सुनिश्चितता गरिनेछ।

७. प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै नीजि तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बाल उद्यानको अवधारणा क्रमशः ल्याईनेछ ।

८. असहाय, अनाथ, गरिव र अपाङ्गता भएका बालबालिकालाई स्थानीय तहले संरक्षण गरी समतामूलक शिक्षा प्रदान गरिनेछ ।

९. सहयोगी कार्यकर्ताको तलव भत्ता न्यून भएको कारण गुणस्तरीय शिक्षा बालबालिकामा सुनिश्चित गर्न सहयोगी कार्यकर्ताको पारिश्रमिकमा वृद्धि गर्दै लगिनेछ ।

१०. सबै प्रारम्भिक बालविकास केन्द्रहरूको कक्षाकोठालाई न्यूनतम मापदण्डमा आधारित एवम्  पूर्ण बालमैत्री बनाइनेछ ।

११. आमा शिक्षा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

१२. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण सिर्जना गरिनेछ  ।

### ३.१.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:

**उपलब्धि**

सबै बालबालिकाहरूलाई गुणस्तरीय  प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

***प्रमुख नतिजाहरू***

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकारूलाई बालविकास शिक्षामा सहज पहुँच हुने ।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने ।
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकुलन भएको हुने ।
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित (घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती) नमूना बालविकास तथा शिक्षा कार्यक्रमका विकास हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था, विद्यालयहरू र स्थानीय सरकार जिम्मेवार भएको हुने ।

### ३.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ )पहिलोसंसोधन २०७५ अनुसार मापदण्ड पूरा भएको ( | पटक | १ | १ | १ | १ | १ | |
| २ | शैक्षिक सामाग्री निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रारम्भिक बालविकास तथा शैक्षिक शिक्षाकेन्द्रहरूको नक्शाङ्कन र पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | |
| ५ | बालबालिकाको अभिलेखिकरण | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | |
| ६ | गर्भवती र नवजात शिशु स्वास्थ्य तथा पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | |
| ७ | सिकाइ क्रियाकलाप सहजीकरणमा आवश्यकता परेमा मातृभाषालाई प्राथमिकता दिई सिकाइ निरन्तरता | संख्या | १ | १ | १ | १ | १ | |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षाकोशिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधावृद्धि | पटक | १ | १ | १ | १ | १ | |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | |
| १० | अभिभावक शिक्षा | निरन्तर | १ | १ | १ | १ | १ | |
| ११ | अपाङ्गता भएका बालबालिकाका लागि बैयक्तिक परिवार सेवा योजना | निरन्तर | १ | १ | १ | १ | १ | |
| १२ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |
| १३ | बालविकासको पाठ्यक्रम प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | |
| १४ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | |
| १५ | सहयोगी कार्यकर्ताहरूको योग्यता र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | |
| १६ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| १७ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |
| १९ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | |
| २० | परिवार, समुदाय, निजी क्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | १ | १ | १ | १ | १ | |
| २१ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याकं व्यस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | |

## ३.२ आधारभूत शिक्षा :

### ३.२.१ परिचय:

शिक्षा ऐन २०२८ अनुसार नेपालमा प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिकसमायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ। यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुनेअवसर प्रदान गर्दछ।

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा लिई यो तहको शिक्षा नि:शुल्क हुने उल्लेख गरेकोले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्‍याई गुणस्तरसुनिश्चित गर्नु राज्यको दायित्व हो। यसै गरी अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि चुमनुब्री गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

**३.२.२ वर्तमान अवस्था:**

- **शैक्षिक पहुँच:** गाउँपालिकाभित्र आधारभूत शिक्षा प्रदान गर्ने विद्यालयहरू उपलब्ध भए पनि दुर्गम क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच सीमितरहेको।
- **गुणस्तर:** शिक्षण गुणस्तरमा सुधारको आवश्यकता, पर्याप्त स्रोतसाधन र प्रशिक्षित शिक्षकको अभाव।
- **भौतिक पूर्वाधार:** केही विद्यालयमा भवनको अभाव, पुस्तकालय र प्रयोगशालाको सीमितता।
- **बालबालिका सहभागीता:**विशेष गरी गरिबी, भौगोलिक कठिनाइ र सामाजिक कारणले बालबालिकाको विद्यालयमा नियमित उपस्थिति र विद्यालयमा टिकाउने कार्य चुनौतिपूर्ण रहेको, ।
- **समावेशी शिक्षा:** सबै जातजाति र लिङ्गका लागि समान अवसर सुनिश्चित गर्न अझै प्रयास गर्नुपर्नेदेखिन्छ।

आधारभुत शिक्षामा यस गाउँपालिकाको समग्र सूचकांक अवस्था यस्तो रहेको छ |

| क्षेत्र | **सूचक** | **तह** | **सूचांक आधार बर्ष २०८० ८१/** |
|---|---|---|---|
| **आधारभूत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९५ ५. |
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १४४ |
| | आधारभूत तह प्राथमिक) १ कक्षा-५ मा खुद भर्ना ( (%) *दर | स्थानीय | ९५ |
| | आधारभूत तह प्राथमिक) १ कक्षा-५ मा (कुल भर्ना (%) *दर | स्थानीय | १३८ ७. |
| | आधारभूत तह (कक्षा ६(%) *मा खुद भर्ना दर (८- | | ९१ ६. |
| | आधारभूत तह (कक्षा ६ मा (८-कुल(%) भर्ना दर | | ११३ ८. |
| | आधारभूत तह (कक्षा १ (८- (%) *मा खुद भर्ना दर | स्थानीय | ९५ |
| | आधारभूत तह (कक्षा १ (८- माकुल(%) भर्ना दर | स्थानीय | ११२ ६. |

| | | | |
|---|---|---|---|
| | आधारभूत तह१ कक्षा)-८ ( खुद भर्ना दरमा लैङ्गिक *समता सूचक | स्थानीय | १ ०२. |
| | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर(%) * | स्थानीय | ८५ ६. |
| | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%)* | | ८५ ६. |
| | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १८- | | ३ |

**३.२.३ अवसर र चुनौतीहरू:**

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
- सिकाइकोगुणस्तरअभिवृद्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधारल्याउने ।
- विद्यालयकोप्रशासनिक ,भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री ,बालमैत्री, छात्रामैत्री बनाउने ।
- विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय,गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
- सूचनातथासञ्चारप्रविधिमादक्षतामावृद्धिगरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।
- आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्ने ।
- खुद भर्ना दर शतप्रतिशत पुग्र्याउने, कक्षा दोहोर्याउने र छोड्ने दरमा कमी ल्याउने ।
- शिक्षकहरूको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउने ।
- आवश्यकता अनुसार अतिरिक्त कक्षा संचालन |
- पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत बिपन्न विद्यार्थी सहायता प्रणाली स्थापना गर्ने ।
- विद्यार्थी मुल्याङ्कनलाई सिकाई क्रियाकलापको अभिन्न अङ्गको रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउने ।

**३.२.४ उद्देश्यहरू:**

यसयोजनाको प्रमुख उद्देश्यअनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दैगुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखितउद्देश्य राखेको छ :

१.अनिवार्य तथा निःशुल्क आधारभूतशिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलकपहुँच र सहभागिता सुनिश्चित गर्नु,

२.आधारभूत विद्यालय उमेरका सबैबालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतमसिकाइ उपलन्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,

४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणबालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमासुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशीलर जवाफदेही बनाउनु,

६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने रअन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरीसिकाइ क्रियाकलाप संचालन गर्नु ।

७.अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी, गुणस्तरीय र समान अवसरयुक्त शिक्षण–सिकाइ वातावरण सुनिश्चित गर्ने।

८. विद्यालय पूर्वाधार तथा सिकाइ वातावरणलाई जलवायु-उत्थानशील, सुरक्षित र वातावरणमैत्री बनाउँदै गुणस्तरीय शिक्षाका लागि अनुकुल वातावरण सुनिश्चित गर्ने।

**३.२.५ रणनीतिहरू:**

- विद्यालय नक्साङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नेविद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्ने तथा आवश्यकतानुसार आवासीय विद्यायहरूको संख्या क्रमशः वृद्धि गर्दै लागिनेछ ।
- अनिवार्यतथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न संघीय सरकारको सहयोगमा आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइने छ ।
- चुमनुब्री गाउँपालिकाभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ बिवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (बैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आदि) मिलाइने छ ।
- आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय सरकारप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।
- सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने छ ।
- शिक्षणसिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
- शैक्षिक निकायका जनशक्ति र शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा संघसंस्थाको सहयोगमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरिनेछ।

- संघीयर प्रदेश सरकारको सहकार्यमा विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वियन गरिने छ।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने छ।
- संघीयसरकारले निर्धारणको शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारमा चौबिसे सरकारद्वारा आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिनेछ।
- नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यस्थापकीय पद्धतिमा सुधार गरिने छ।
- कक्षा१ देखि ३ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथैअन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीयसिप केन्द्रित क्रियाकलापहरूलाई निरन्तरता दिइनेछ।
- आधारभूत तथा माध्यमिक तहमा समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने।
- शिक्षकहरूको समावेशी शिक्षण क्षमता अभिवृद्धि गर्ने।
- विद्यालयमा पहुँचयुक्त तथा बालमैत्री सिकाइ वातावरण विकास गर्ने।
- विद्यालय पूर्वाधारमा जलवायु उत्थानशीलता र विपद् सुरक्षा मापदण्ड लागू गर्ने।
- विद्यालयमा वातावरणीय शिक्षा तथा दिगोपनासम्बन्धी अभ्यासलाई संस्थागत गर्ने।
- शिक्षक तथा विद्यार्थीमा जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी ज्ञान, सीप र व्यवहार विकास गर्ने।

**३.२.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

***उपलब्धि***

अनिवार्यतथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धिहुने।

***प्रमुख नतिजाहरू***

१. सबै बालबालिकालाईआधारभूत शिक्षाको पहुँचहुने।

२. सबै विद्यालयलहरूमा प्राथमिकता प्राप्त सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।

३. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाटबालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामासुधार हुने।

४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।

५. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने।

६. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने।

७.विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तारतथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने।

८.शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षाप्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
९. विद्यालय उमेरका अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको पहिचान, भर्ना र नियमित उपस्थितिलाई प्राथमिकता दिने।
१०. आवश्यकता अनुसार सहायक सिकाइ सामग्री तथा सहयोगी सेवाको व्यवस्था गर्ने।
११. प्रारम्भिक कक्षाहरूमा समावेशी तथा बालकेन्द्रित शिक्षण अभ्यास प्रवर्द्धन गर्ने।
१२. विद्यालयहरू सुरक्षित, हरित, वातावरणमैत्री तथा जलवायु-उत्थानशील बन्ने।
१३. विद्यार्थीहरूमा वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप तथा सकारात्मक व्यवहार विकास हुने।
१४. आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा स्वच्छ, सुरक्षित र सिकाइमैत्री वातावरण सुनिश्चित हुने।
१५. शिक्षकहरू वातावरणीय तथा जलवायु शिक्षा कार्यान्वयनमा सक्षम र सक्रिय बन्ने।
१६. विद्यालय समुदायमा दिगो विकास र वातावरण संरक्षणप्रति जिम्मेवार अभ्यास विस्तार हुने।

**३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| **क्र. सं.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य (पहिलो ५ वर्ष)** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथासमायोजन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | वटा | १ | १ | १ | १ | १ | | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थीमूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (वहु भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | वि.व्य.स, शि.अ.सं.का पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | विद्यालय शिक्षालाईप्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील् बनाउने योजना तयार गरी कार्यान्वयन | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यकसंरचना, सामग्री तथा क्षमता विकास | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| १० | शिक्षक पेशागत सहायता प्रणालीको विकास | निरन्तर | | नि | नि | नि | नि | नि | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १२ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १३ | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाहरूका लागि | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ड्रेस, स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | | | | | | | | |
| १४ | बालमैत्री कक्षा कोठा तथा सिकाइ सामग्रीको व्यवस्थापन | विद्यालय | | | | | | | |
| १५ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| १६ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापनसञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| १७ | बालबालिकाहरूको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| १८ | कक्षा १-३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| १९ | वार्षिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| २० | विद्यालय तथा गाउँपालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |
| २२ | शैक्षिक सुशासन कायम गर्नका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | १ | |
| २३ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | निरन्तर | | | | | | | |

**३.३ माध्यमिक शिक्षा:**

**३.३.१ परिचय:**

श्रमप्रति सकारात्मक भावना भएका सीपयुक्त जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यावसायिक र सँस्कृत गरि तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) प्राविधिक तथा व्यवसायिक धारको सुरुवात  गरिएको छ।

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश रस्थानीय सरकाकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानमा उल्लेखित प्राबधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ।

शिक्षा ऐन २०२८ को आठौं शंसोधन अनुसार "माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइएने शिक्षा सम्झनु पर्छ"। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै वालवालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची अनुसार मध्यमिक तथा प्राविधिक वा साधारण धारको शिक्षा छनौट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोयोगी, उत्पादनमूलक, प्रविधियुक्ति सीपमूलक र व्यवहारिक बनाउनुपर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेका भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुची र क्षमताअनुसार  विद्यार्थीले साधारण शिक्षाको बाटो भएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य विभिन्न विषयमा उच्च शिषा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेशा व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्छ। यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनौट गर्न र भावि जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ। यिनै कुराहरूलाई ध्यानमा रााखेर चुमनुब्री गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क वालमैत्री र समावेशी गराउने नीति लिएको छ।

**३.३.२ वर्तमान अवस्था:**

- **शैक्षिक गुणस्तर:** माध्यमिक तहमा शिक्षकको अभाव, शिक्षण विधि परम्परागत, र प्रविधिको प्रयोग सीमित।

- **विद्यार्थी संख्या:** माध्यमिक तहमा विद्यार्थीहरूको निरन्तरता चुनौतीपूर्ण, विशेष गरी गरिबी,सानो उमेरकोविवाह र भौगोलिक कठिनाइका कारण।
- **भौतिक पूर्वाधार:** केही विद्यालयमा कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय र खेलकुद क्षेत्रको अभाव।
- **पाठ्यक्रम लागू:** सीपमूलक र व्यावसायिक शिक्षा पाठ्यक्रमको कमी।
- **समावेशीता:** महिला, दलित र अन्य पिछडिएका वर्गका विद्यार्थीहरूको सहभागिता अझै न्यून।

माध्यमिक शिक्षा अन्तर्गत यस पालिको वर्तमान अवस्था यस प्रकारको छ |

| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१0) | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१0) मा खुद भर्ना दर* (%) | ७०.५ | ७५ | ९० | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१0) मा कुल भर्ना दर* (%) | १०४.९ | १०२ | १०१ | १०० |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.३५ | १.२ | १.0 | १.0 |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ८३.३ | ८७ | ९५ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६७.४ | ९० | ९५ | १०० |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१0) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | ११ | ९० | ९५ | १०० |

**३.३.३ अवसर र चुनौतीहरू:**

१. निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नेर माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेकोबालबालिकाको सङ्ख्यालाई विद्यालयमा ल्याउने।

२. विपन्न बालबालिका ,विभिन्न किसिमका अपाङ्गताभएका बालबालिका , दलित ,पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिनपरिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चितगर्ने।

३. माध्यमिक तहमा खुद भर्नादर वृद्धि गर्ने।

४. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षकतथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि रसिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गरी सिकाइउपलब्धिमा सुधारगर्ने।

५. सबै विद्यालयमा न्यूनतमसक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधारल्याईविद्यालयलाई बालमैत्री बनाउने।

६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशीलबनाउने।

७. विद्यार्थी मूल्याङ्कनलाईसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने रमाध्यमिकतहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने।

८. संघीय सरकारको सहयोगमा आवश्यक विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमासक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्ने ।

**३.३.४ उद्देश्यहरू:**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चितगर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दरबढाउनु ।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणबालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु रअन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलापसञ्चालन गर्नु ।
५. माध्यमिक तहका विद्यार्थीहरूमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु ।
६. माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षामा उल्लेखनीय सुधार ल्याउनु ।

**३.३.५ रणनीतिहरू:**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ ।

- संघीयमापदण्ड अनुसार विद्यालय नक्साङ्कनमार्फत सबै बालबालिकाको पहुँचसुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरिने छ।
- निःशुल्कमाध्यमिक शिक्षा (व्यावसायिक प्राविधिक तथा साधारण) मा सहज पहुँच सुनिश्चित गर्नसंघ र प्रदेश सरकारको समन्वमा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिने छ ।
- सिकाइलाईवास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूपअनुसारप्रयोगात्मक अभ्यास, परियोजना कार्य वासामुदायिक कार्य समावेश गरिने छ ।
- माध्यमिकतहमा खुद भर्नादर र टिकाउदर बढाउन वैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थीप्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।
- हरेकविद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दैशिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबढाइने छ ।
- विद्यालयलाईबालमैत्री बनाईशैक्षिक वातावरणमा सुधार ल्याइने छ ।
- संघीयर प्रदेश सरकारको सहकार्यमाविद्यालयशिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजनातयार गरी कार्यान्वयनगरिने छ ।
- माध्यमिकविद्यालयमा सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गरी विद्यालय विकास तथाव्यवस्थापनप्रति प्र.अ.लाई उत्तरदायी बनाइने छ ।
- न्यूनतमसिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीकोसिकाइमाशिक्षक जवाफदेही हुने प्रणाली विकास गरिने छ ।
- संघीयसरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको तय गरे अनुरूप शिक्षक दरबन्दीपुनर्वितरण, समायोजन गरिने छ ।

- विद्यार्थीमूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाईआवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामाआधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथापरीक्षा पद्धितमा सुधार गरिने छ।
- नतिजाप्रतिकोजवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यवस्थापकीय पद्धतिमासुधार गरिने छ।
- निश्चितअन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धिपरीक्षण गरी जवाफदेहिता सुनिश्चित गरीसुधारकोक्षेत्र पहिचानगरिने छ।
- शिक्षकलाई पेशागत सहयोग प्रदान गर्न आवश्यक संयन्त्रको विकास गरिने छ।

**३.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

***उपलब्धि***

माध्यमिकशिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

***नतिजा***

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहकोशिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमावृद्धिभएको हुने।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्डपुरा गरेको हुने।
३. माध्यमिक शिक्षाकोसान्दर्भिकता र गुणस्तर विकासका लागिप्रविधिको समुचित प्रयोग र उचित सिकाइवातावरणको निर्माण भएको हुने।
४. मध्यमिक शिक्षा पूरा गर्नेबालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।
५. माध्यमिक शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक तथा आर्थिकलगायतकासमतासूचकमा सुधार हुने।
६. शिक्षा प्रणाली प्रकोप, संकटतथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने।
७. विद्यालय शिक्षामा सूचना तथासञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहजउपयोग भईसिकाइलाई सहयोग हुने।
८. शैक्षिक निकायमा कार्यरतजनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिकसुशासन कायम हुने।

**३.३.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| **क्रस** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **बाँकी ५ बर्षको लक्ष्य** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने | पटक | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | | | | | | | | | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | जना | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार यातायातको व्यवस्था तथाखुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | पटक | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ४ | सरोकार सम्बद्ध पक्षहरूका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | निरन्तर | नि | नि | नि | नि | नि | नि | | |
| ५ | आवश्यकताको आधारमा लागत सहभागिताको आधारमा भौतिक पुर्वधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | वटा | | | | | | | | |
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण, | निरन्तर | नि | नि | नि | नि | नि | नि | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्र.अ तथा शिक्षकलाई सहयोग | | | | | | | | |
| ९ | बाल समुह, स्काउट, टिन्स क्लव गठन, क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| १० | वि.व्य.स, पि.टी.ए पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ११ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | जना | १ | १ | १ | १ | १ | १ | १ | |
| १२ | बार्षिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| १३ | विद्यालय शिक्षालाईप्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | आवश्यकता अनुसार | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |
| १४ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थीमूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास तालिम | जना | १ | १ | १ | १ | १ | १ | १ | |
| १५ | उत्कृष्ट विद्यालयहरूलाई सम्मान कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| १६ | विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| १८ | शिक्षकको पेशागत सहयोगका लागि आवश्यक संयन्त्र निर्माण तथा क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | | |
| १९ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | निरन्तर | नि | नि | नि | नि | नि | नि | | |
| २० | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाका लागि ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति | जना | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |

### ३.४ अनौपचारिक तथा निरन्तर शिक्षा:

#### ३.४.१ परिचय:

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम् सेवक परिचालन गर्ने नीति लिएको छ।

निरक्षर जनताहरूलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो। अर्कोतिर उनीहरूका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ । जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणाकार्यान्वयनमा आएको छ। तर एकातिर संचालनमा रहेका सिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरू पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रूपमा रहेको देखिन्छ।

राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरू बन्द हुने अवस्थामा छन् । दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रबर्धन गर्ने विषयमा नेपालले प्रतिवद्धता जाहेर गरेको छ । तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरूका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ ।

वि. सं. २००७ सालमा नेपालमा आधुनिक प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसङ्ख्याको झन्डै २ प्रतिशत मात्रै नागरिकहरू साक्षर थिए । प्रजातन्त्रको आगमन संगै नेपालमा शैक्षिक जागरणको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाई के, कसरी अगाडि बढाउन पर्छ भन्ने बारेमा युगानुकुल सुझाबहरू दिएको थियो । उक्त प्रतिवेदन प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरे पछि वि. सं. २०१३ सालदेखि योजनावद्ध रूपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।

विश्वव्यापीकरण, तीव्र सहकरीकरण र बसाँइ सराइ, सूचना प्रविधिको क्षेत्रमा भएको क्रान्तिले विश्वको हरेक मुलुक र समाजमा तीव्र परिवर्तनहरू भइरहेका छन् । बालबालिका र युवाको लागि मात्र हैन प्रौढ र ज्येष्ठ नागरिकका लागि पनि निरन्तर सिकिरहने व्यवस्था र वातावरणको जरुरत पर्दछ । संयुक्त राष्ट्रसंघको युनेस्को लगायत अन्य अन्तराष्ट्रिय संस्थाहरूले पनि दिगो विकासको लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्वकासाथ प्रस्तुत गरेका छन् । युनेस्कोले अघि सारेको परिभाषा र व्याख्या अनुसार आजीवन सिकाइको अवधारणा लोकतन्त्र, मानवीय र मानव मुक्तिको मूल्य मान्यतामा आधारित रहेको छ । सुखी र खुशी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ । हरेक उमेर समूहका मानिसहरू सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ र घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुनसक्छ ।

आजीवनसिकाइ एउटा छुट्टै विधि होइन यो त समग्र शिक्षा प्रणालीलाई मार्ग निर्देशन गर्ने सिद्धान्त हो । बाल शिक्षा, आधारभूत शिक्षा हुदै माध्यमिक देखि उच्च शिक्षा सम्म पुग्ने क्रममा हरेक व्यक्तिलाई आजीवन कसरी सिकी रहने भन्ने ज्ञान र सीप प्रदान गर्नु जरुरी हुन्छ । त्यसैले अतिरिक्त, अनौपचारिक र औपचारिक सबै माध्यपबाट आजीवन सिकाईको अभ्यासलाई सुदृढ तुल्याउन जरुरी छ । मानव जीवनलाई सहज, उन्त र सुखी तुल्याउनु नै आजीवन सिकाइको मुल ध्येय हो ।

### ३.४ .२ वर्तमान अवस्था:

- **साक्षरता दर:** दुर्गम क्षेत्रका बासिन्दामा साक्षरता दर अझै न्यून रहेको छ। वृद्ध, महिला र सीमान्तकृत समुदायको शिक्षामा पहुँच सीमितता देखिन्छ।
- **शिक्षा कार्यक्रम:** आधारभूत साक्षरता कार्यक्रमहरू सञ्चालन भए पनि निरन्तरता र प्रभावकारीता कम रहेको।
- **शिक्षण सामग्री र स्रोत:** शिक्षा प्रदान गर्न आवश्यक सामग्री, स्रोत र प्रशिक्षित जनशक्तिको अभाव।
- **सीपमूलक शिक्षा:**विशेष गरी व्यावसायिक सीप सिकाइको अवसर न्यून रहेको।
- **समुदायको सहभागिता:** समुदायको शिक्षामा सहभागिता र उत्साह कमजोर देखिन्छ।

### ३.४.३ अवसर र चुनौतीहरू:

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चितगर्नु ।
- साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसंगै समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ लगायत आजीवन शिक्षा तथा समकक्षताको व्यवस्था गर्नु ।

- सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ अवश्यक्ता सम्बोधन गर्न सक्ने बनाउनु ।
- नागरिक व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापन र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसंग आबद्ध गर्नु ।
- साक्षर व्यक्तिहरूलाई निरन्तर शिक्षाको कार्यक्रमको व्यवस्था गर्नु।
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई दैनिक व्यवहारसँग जोड्नु ।
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरू समय सापेक्ष बनाउनु ।
- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेको ज्ञान र सीपलाई रोजगारसँग जोडन सकिने संयन्त्रको विकास गर्नु।
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरू गैर सरकारी र समुदायमा आधारित संस्थाहरूको सहकार्यमा संचालनमा ल्याउनु।
- साक्षर भएको जनसङ्ख्या ७३.८१ प्रतिशत रहेको तर उनीहरूका लागि निरन्तर शिक्षा र सीपमूलक कार्यक्रम संचालन हुन नसकेकोमा सो का लागि आवश्यक व्यवस्थापन गर्नु ।
- पुरुषकोसगैँ महिला निरक्षरताको  दर कम गर्नु ।
- साक्षर भएकाहरूलाई  साक्षरोत्तर कार्यक्रममा सहभागिताको अवसर प्रदान गर्नु।
- शैक्षिक सत्र पूरा नगरी बीचमै छाड्ने,बालबालिकाहरूको संख्या ४.५ प्रतिशत रहेको हुँदा साक्षर हुन नसक्ने र नव साक्षरको अवस्थामा रहेका व्यक्तिको संख्या अझैपनि अधिक रहेकोमा सो को समाधानका लागि आवश्यक रणनीतित तथा कार्यनीति तयार गर्नु ।

**३.४.४ उद्देश्यहरू:**

- सबै नागरिककालागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु ।
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकिकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु ।
- बालवालिकाको सिकाइका लागि अभिभावकहरूको सचेतनामा सुधार ल्याउनु ।
- नवसाक्षरहरूलाई जीविकोपार्जनका गतिविधहरूको सहभागितामा वृद्धि गर्नु ।

**३.४.५ रणनीतिहरू:**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिनेछ -

- सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिने छ । यसका लागि स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकता अनुसार समायोजन, पुनर्सरचना तथा पनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा संचालन गर्दैलगिने छ ।
- स्थानीय सरकारको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।

- स्थानीय तहले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम द्वारा सचेतना कार्यक्रम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिने छ।

### ३.४.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:

**उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

**नतिजा**

- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइ केन्द्रकोरूपमा विकास भएको हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन भएकोहुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी तथ्यांक अद्यावधिक भएकोहुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारिताको प्रारूप तयारभएको हुने।
- सबै नागरिकहरूका लागिसाक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने।

### ३.४.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | साक्षरता र निरन्तर शिक्षा सम्बन्धी कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | | |
| २ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाकोव्यवस्थापन | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ५ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास | जना | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिमाआधारित डिजिटल सामग्री प्रयोग | वटा | १ | १ | १ | १ | १ | | |
| ७ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई सक्षरता र आयआर्जन कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | | |

## ३.५ प्राविधिक तथा ब्यबसायीक शिक्षा:

### ३.५.१ परिचय:

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रूपमा रहेको छ । यसलाई वर्तमान मागको रूपमा नलिई आवश्यकताको रूपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिनु बढि उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्विकृति ऐन , नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा सामुदायिक विद्यालयाहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालय तथा शिक्षा विभाग मार्फत सामुदायिक विधालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चलन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो सोहि निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो । यस अन्र्तगत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ वालिविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक तथा व्यवसायिक शिक्षाको व्यवस्थावाट कार्यमूलक ,व्यवहारिक, प्राविधिक तथा व्यवसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरि विश्व श्रम वजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था:

- **शिक्षाको पहुँच:** गाउँपालिका भित्र प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू हाल सम्म नरहेको अवस्थामा विद्यार्थीहरूलाई सीपमूलक र रोजगारमूलक शिक्षा उपलब्ध गराउन संस्थागत संरचनाको अभाव रहेको छ।
- **सीप अभाव:** स्थानीय स्रोत र आवश्यकता अनुसारका प्राविधिक र व्यावसायिक तालिम नगन्ने मात्रामा संचालन हुने गरेका छन् ।
- **शिक्षा प्रणाली:** परम्परागत शिक्षण विधि कायम, नविनतम प्रविधि र व्यावसायिक पाठ्यक्रमको कमी रहेको ।
- **संस्थागत व्यवस्था:** प्राविधिक तालिम केन्द्र र व्यावसायिक शिक्षण संस्थाको संख्या शून्य, फराकिलो कठिन भूगोलका कारण आवश्यकताअनुसारका कार्यक्रमहरू सञ्चालन हुन सकेको छैन।

- **रोजगारीको स्थिति:** तालिमको अभावले स्थानीय स्तरमा रोजगारी सिर्जना हुन नसकेको अवस्था विद्यमान छ।

**३.५.३ अवसर र चुनौतीहरू:**

- प्राविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालनका लागि सम्वन्धन र अनुमति लिने प्रक्रिया प्राथमिकताको साथ अगाडि बढाउनु।
- भौतिक पूर्वाधार विकास गर्नु।
- प्राविधिक तथा व्यवसायिक धारको जनशक्ति व्यवस्थापन गर्नु।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको आवश्यकता र महत्वका विषयमा सरोकारवालाहरूमा सकारात्मक धारणको विकास गर्नु।
- प्राविधिक तथा व्यवसायिक धारको स्थापना र संचलनका लागि स्थान तय तथा आर्थिक व्यवस्थापन गर्नु।

**३.५.४ उद्देश्यहरू:**

- प्राविधिक तथा व्यवसायिक स्थापना गर्न संस्थागत विकास तथा सुदृढिकरण गर्नु।
- प्राविधिक तथा व्यवसायिक धारको पूर्वाधार विकास गरि दक्ष जनशक्तिको उत्पादन गर्नु।
- शिक्षालाई प्राविधिक तथा रोजगारमुलक रूपमा प्रदान गरि व्यवसायीक तथा आत्मानिर्भर जनशक्ति निर्माण गर्नु।

**३.५.५ रणनीतिहरू:**

- यस गाउँपालिका भित्र  प्राविधिक तथा व्यवसायिक धारको कक्षा संचलानव्यवस्थापनका लागि सम्वन्धित निकायमा पहल गरिनेछ।
- प्रविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न आवश्यक कानूनी प्रक्रिय अगाडी बढाईनेछ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यवसायिक  शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरि आवश्यक आर्थिक पहल गर्ने।
- प्राविधीक धारको पढाइका लागि अभिप्रेरित गरि पढ्दै कमाउदै गरिने कार्यक्रमहरू संचालन गर्ने।

**३.५.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

उपलब्धि:

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने।
- दक्ष तथा रोजगारउमुख जनशक्ति तयार भएको हुने।
- आत्मानिर्भर जनशक्तिउत्पादन भएकोहुने।

नतिजा:

- सुरक्षित र सुचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक  शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

- यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढिकरण भएको हुने।
- प्राविधिक तथा व्यवसायिक शिक्षाकोअवसर लाभग्राहिहरूले आफनै स्थानिय तहमा सहज र सरल रूपमा प्राप्त गरेका हुने।
- स्वावलम्बी तथा आमानिर्भर जनशत्ती उत्पादन भएको हुनेछ।

**३.५.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | २ | **३** | ४ | ५ | |
| १ | प्राविधिक तथा व्यवसायिक सम्वन्धन र अनुमति | पटक | १ | १ | १ | १ | १ | |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | संख्या | १ | १ | १ | १ | १ | |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | |

## परिच्छेद ४: अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू:

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक , सिकाइ सामग्री र मूल्याङ्कन:

#### ४.१.१ परिचय:

शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरू परिपूर्ति गर्नका लागि सबैभन्दा महत्त्वपूर्ण साधन पाठ्यक्रम हो। पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो। समय सापेक्ष रूपमा पाठ्यक्रम परिमार्जन हुँदै गएको वर्तमान परिपेक्षमा परिवर्तित पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक साधन तथा स्रोतको परिचालन गरी उल्लेख्य रूपमा कार्यान्वयनमा जोड दिने चुमनुब्री गाउँपालिकाको योजना रहेको छ। यसै सन्दर्भमा शैक्षिक सत्र २०७७ देखि कक्षा १ मा लागु भएको एकीकृत पाठ्यक्रम अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। गाउँपालिकाको आवश्यकताको विषयहरू समेटेर स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गरी कार्यान्वयनममा ल्याइएको छ। शिक्षकहरूका लागि परिमार्जित पाठ्यक्रम अनुसार आवश्यक प्रबोधीकरण तालिम सञ्चालन गरी पाठ्यक्रमले निर्देशित गरेका उद्देश्यका आधारमा शिक्षण गराउने परिपाटीको विकास गरिने छ।

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरू समाधान गर्नका लागि चाहिने ज्ञान, सिप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरू, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरूप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रूपमा सान्दर्भिक हुनुपर्छ, समयसापेक्ष हुनुपर्छ, जनचाहाना पूरा गर्न सक्ने हनुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रूपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।

#### ४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भई वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन भएको अवस्था छ।

चुमनुब्री गाउँपालिकामा वि सं २०८२ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हालसम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५०

प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ। सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

- **पाठ्यक्रम:** चुमनुब्री गाउँपालिकाका विद्यालयहरूमा प्रयोग भइरहेको पाठ्यक्रम नेपाल सरकारद्वारा निर्धारित छ, तर गाउँका विद्यालयहरूको शैक्षिक आवश्यकता र क्षेत्रीय विशेषतालाई ध्यानमा राखेर पाठ्यक्रममा सुधारको आवश्यकता देखिन्छ। अनलाइन मार्फत पाठ्यक्रम हेर्ने व्यवस्था र निर्देशन गाउँपालिका शिक्षा शाखाले गरेको छ।
- **शिक्षक निर्देशिका:** चुमनुब्री गाउँपालिकाका विद्यालयहरूमा गाउँपालिकाले कक्षा १-५ शिक्षकहरूका लागि शिक्षक निर्देशिका उपलब्ध गराएको छ भने ६-१० कक्षाका शिक्षकहरूका लागि अनलाइन पोर्टल मार्फत हेर्ने, प्रिन्ट गर्ने र प्रयोग गर्ने व्यवस्था गरेको छ।
- **पाठ्यपुस्तक:** विद्यालयहरूमा जनक शिक्षा समाग्रीबाट प्रकाशित पाठ्यपुस्तकहरू प्रयोगमा ल्याइन्छ, तर पुस्तकमाको पहुँच सीमित र कागजका पाठ्यपुस्तकहरू चाडै च्यातिने समस्या पाइन्छ।
- **सिकाइ सामग्री:** धेरै विद्यालयमा कक्षामा प्रयोग हुने सिकाइ सामग्रीहरूको अभाव देखिन्छ । सूचना प्रविधिमा पहुचँको कमीका कारण शिक्षा क्षेत्रमा डिजिटल सामग्री र स्रोतहरूको प्रयोग अत्यन्त न्यून मात्रामा भइरहेको छ।
- **गुणस्तरको चुनौती:** भौगोलिक जटिलता, प्रवधिको पहुचँमा कमी जस्ता कारणले पाठ्यपुस्तक र सिकाइ सामग्रीहरूको गुणस्तर सुधार गर्नका लागि गाउँपालिकाले यस क्षेत्रमा अझै धेरै काम गर्नु पर्ने देखिन्छ।

### ४.१.३ अवसर र चुनौतीहरू:

स्थानीय सरकारले स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गराउने दायित्व रहेकोमा चुमनुब्री गाउँपालिकामा स्थानीय सरोकारवालाहरूको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण भई लागु भएको छ। यस क्रममा रहेका केही चुनौतिहरू देहायबमोजिम छन् ।

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास
- सबै शिक्षकलाई नयाँ पाठयक्रम र पाठ्य सामग्रीको अभिमुखीकरण
- पाठ्यक्रम विकास तथा परिमार्जन सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता
- बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी छनौट, विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग
- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोडने, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाको स्पष्ट गर्न सक्ने बनाउने
- विविधता र समावेशीतालाई दृष्टिगत गरेर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग एवम् परिमार्जन गर्ने कार्यमा सक्षमताको विकास

- स्थानीय विषय वा मातृभाषा सम्बन्धी विषय राख्ने प्रावधान भए पनि धेरै विद्यालयहरूमा त्यसको सँगै अन्य अतिरिक्त विषयहरू राख्ने प्रचलनको नियमन एवम् उचित व्यवस्थापन गर्नु
- पाठ्यक्रममा मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा समावेश गरी सिकाइ सुधारमा निरन्तर प्रयोग हुने गरी व्यवस्थित गर्नु ।

**४.१.४ उद्देश्यहरू:**

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु ।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयन गर्नु ।
- पाठ्यक्रम तथा पाठ्यक्रम पुस्तक प्रयोग र कार्यान्वयनमा एकरूपता ल्याउनु ।
- सिकाइका लागि मूल्याङ्कन प्रणालीका रूपमा विद्यालय तहको मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउनु ।
- स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरूको विकास तथा व्यवस्थापनमा क्षमता विकासमा सुधार ल्याउनु ।

**४.१.५ रणनीतिहरू:**

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यन्वयन प्रक्रियामा स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई थप व्यवस्थित गरिने छ ।
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गरिने छ ।
- बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनौट गरिने छ । त्यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने छ ।
- मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने छ ।
- स्थानीय पाठ्यक्रमको विषय क्षेत्रमा विषयवस्तु छनौट गर्दा विषयवस्तुको क्रमलाई विचार गरी बढी उपयोगी विषयवस्तु छनौट गरिने छ । जीवनोपयोगी र व्यवहारकुशल सिप समेत विकास गर्ने गरी पाठ्यक्रम विकास गरिने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गर्ने पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गरिने छ ।
- सिकारुको परीक्षा र मूल्याङ्कनको अवस्था सिकारुको प्रगति तथा शिक्षण सिकाइ क्रियाकलाप समेतलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाई शिक्षकलाई सिकारु तथा शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाइने छ ।

- परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइमा सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिने छ।
- परियोजनामा आधारित, समूह कार्यमा आधारित र सिकारु केन्द्रित अभ्यासलाई मूल्याङ्कनको आधार बनाइने छ।

### ४.१.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:

***उपलब्धि***

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने।

***नतिजा***

- पाठ्यक्रम कार्यान्वय प्रभावकारी रूपमा भएको हुने छ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरिने छ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने छ।
- सिकारुको सिकाइ समस्या समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरिकृत मूल्याङ्कन भएको हुने छ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री प्रभावकारी कार्यान्वयन भएको हुने छ ।
- शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई विकास गरिने छ।
- शिक्षण सिकाइ क्रियाकलाप, बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी भएको हुने छ।
- हरेक विद्यालयमा विद्यार्थी मूल्याङ्कनका लागि कार्यसञ्चयिका फाईल खडा हुने छ।

#### ४.१.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको विकास, प्रवोधिकण, प्रयोग र प्रभावकारी कार्यान्वयन | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| २ | समसामयिक विषयमा शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ५ | कक्षा १ देखि ३ सम्मको पठनसिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ७ | मूल्याङ्कन प्रणालीमा सुधार तथा नविनता | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ८ | कक्षाकोठामा आधारित पढाइ सिप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ९ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | १ | |
| १० | स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि सरोकारवालाको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १ | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास:

### ४.२.१ परिचय:

बालबालिकाहरूको भावी जीवनलाई निर्देश गर्न तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकास गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षकहरू परिवर्तनका बाहक हुने भएकाले सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा उनीहरूको ठूलो योगदान रहन्छ । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एक अर्काका पर्याय हुन् । यी सबै आकांक्षा पूरा गर्नका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । नेपालमा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (कक्षा ११ र १२ सञ्चालित) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई शिक्षा विकास तथा समन्वय इकाई बाट नियुक्त भई आएका शिक्षकहरूलाई विद्यालयहरूमा पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् ।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रोत्साहित गर्ने"

पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयन्मा ल्याएको छ । सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबिचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षकले सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढङ्गले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबिच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरूमा आवश्यकीय सक्षमताहरू सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री सङ्कलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नु पर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ ।

**४.२.२ वर्तमान अवस्था:**

- **शिक्षक अभाव:** चुमनुब्री गाउँपालिकामा विशेष गरी  गणित र विज्ञान विषयहरूको शिक्षक अभाव रहेको छ । न्यून स्वीकृत दरबन्दीका कारण शिक्षकको वितरणमा असन्तुलन भएको छ भने दुर्गम क्षेत्रका कारण विद्यालयहरूमा स्थायी नियुक्त भई आएका शिक्षकहरूलाई लामो समय सेवामा टिकाउन निकै समस्या देखेन्छ ।
- **शिक्षकको क्षमता:  तालिम प्राप्त शिक्षकहरूको संख्या न्यून रहेको छ भने** शिक्षकहरूलाई क्षमता विकासका अवसरहरूको पहुँचमा कम रहेको अवस्था विद्यमान छ । परम्परागत शिक्षण विधिको प्रयोग हाबी देखिन्छ भने नयाँ शिक्षण विधि र प्रविधिहरूको प्रयोगको पहुँच सबै विद्यालयमा पुर्याउन नसकिएको अवस्था छ ।
- **शिक्षकको प्रशिक्षण:** शिक्षकहरूको क्षमता वृद्धिका लागि कक्षा बाहिरको तालिम र कार्यशालामा सहभागिता सीमित रहेको छ ।
- **समान अवसरको अभाव:** शिक्षकहरूको कार्यस्थलमा समान अवसरको अभाव, विशेष गरी महिला र सीमान्तकृत वर्गका शिक्षकहरूको प्रगति र अवसरमा असमानता पाइन्छ ।
- **प्रेरणा र समर्थन:** शिक्षकहरूको प्रेरणा र आत्मविश्वास अभिवृद्धि गर्नका लागि पर्याप्त सहयोग र मार्गदर्शनको अभाव देखिन्छ ।

**४.२.३ अवसर र चुनौतीहरू:**

- शिक्षण पेसामा उच्च शैक्षिक उपलब्धि भएका जनशक्तिलाई आकर्षित गर्नु ।
- शिक्षण पेशालाई सबैको रोजाइको पेशाको रूपमा विकास गर्नु ।
- शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।

- सबै विद्यालयमा विषयगत शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
- शिक्षकको पेशागत विकासको अवसर विस्तार गर्नु ।
- शिक्षक बैंकको स्थापना गरी शिक्षक व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउनु ।
- सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरूमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु ।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसगँ आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

**४.२.४ उद्देश्यहरू:**

उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्य निर्धारण गरीएका छन् ।

- सक्षम जनशक्तिलाई शिक्षक पेसामा आकर्षित गर्नु ।
- शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
- सबै तहमा योग्य,दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।
- सबै तहमा शिक्षकहरूको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु ।

**४.२.५ रणनीतिहरू:**

- शिक्षक सेवा आयोगबाट छनौट भई आएका शिक्षकहरू भन्दा बाहेकका शिक्षकहरूको छनौट तथा नियुक्ति प्रकृयालाई व्यवस्थित, पारदर्शी तथा गुणस्तरमा आधारित बनाइने छ । साथै यसरी नियुक्त गरिने शिक्षक पदमा उच्च शैक्षिक योग्यता भएका जनशक्तिलाई प्राथमिकता दिने गरी व्यवस्थित गरिने छ ।
- शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित बनाइने छ ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिने छ ।
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण/प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य गरिने छ ।
- विद्यमान स्रोत र साधनलाई मध्यनजर गरी स्वयंसेवक शिक्षक परिचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा अस्थायी/राहत शिक्षक नियुक्ति प्रक्रियामा एकरूपता, निष्पक्षता कायम गरिने छ ।
- शिक्षकको निरन्तर पेशागत विकासको लागि सङ्घीय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रहरूसँग समन्वय गरिने छ ।
- विषयगत शिक्षक समूह (सञ्जाल) निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिने छ ।

- उपस्थिति, नियमितता र शिक्षकले शिक्षणमा बिताउने समयावधि वृद्धि गरी शिक्षकको कार्यसम्पादनमा सुधार गरिने छ।
- प्रति विद्यार्थी लागतका आधारमा प्रवाह हुने अनुदान खर्चलाई शिक्षण सिकाइ सामग्री व्यवस्थानमा आवद्ध गरिने छ।
- शिक्षकहरूलाई अभिप्रेरित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ।
- शिक्षक सरूवा तथा पदस्थापनलाई आवश्यकतामा आधारित बनाइने छ।
- शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने छ।
- शिक्षक विधार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गरिने छ ।
- स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा (करार) सूचीमा रहेका उमेद्वारहरूलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई सिफारिस भएकालाई पहिलो प्राथमिकता दिइने छ।
- विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षकद्वारा पेशागत सहयोग पद्धतिको विकास गरिने छ ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गरिने छ ।

**४.२.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

**उपलब्धि**

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुने छ।
- प्रविधिमैत्री क्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने छ।

**नतिजा**

- शिक्षक व्यवस्थापन अन्तर्गतको शिक्षक अभावको समस्या स्थानीय स्तरबाट समाधान भएको हुने छ।
- नियुक्ति प्रकृया स्वच्छ र पारदर्शी हुने छ।
- शिक्षण पेशा मार्यादित र सम्मानित हुने छ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने छ।
- पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने छ।
- शिक्षक पेशागत सहयोग कार्यविधिको निर्माण भई कार्यान्वयन भएको हुने छ।
- शिक्षकहरूको उपस्थिति शिक्षण विधि तथा तौर तरिका र कार्य सम्पादनमा सुधार भएको हुने छ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने छ।

#### ४.२.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | |
| | गाउँपालिका स्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | १ | १ | १ | १ | १ | |
| २ | शिक्षक तयारी | | १ | १ | १ | १ | १ | |
| | विषयगत र शिक्षण प्रविधि सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | |
| | विषयगत रोष्टर विज्ञ समूह निर्माण गरिने | पटक | १ | १ | १ | १ | १ | |
| | नयाँ नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| ३ | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | |
| | कक्षा ३, ५ र ८ का प्रमुख विषयको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | १ | १ | १ | १ | १ | |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | ३ | ३ | ३ | ३ | ३ | |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | २ | २ | २ | २ | २ | |
| | शिक्षक पेशागत सहयोग पद्धति | पटक | नि | नि | नि | नि | नि | |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | १ | | | | | |
| | पेशागत शैक्षिक अवलोकन | पटक | १ | १ | १ | १ | १ | |
| ४ | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| | बाल विकास सहजकर्ताको लागि क्षमता विकास मन्टेश्वरी तालिम | संख्या | १ | १ | १ | १ | १ | |
| | एक आवासीय विद्यालय एक नर्स | संख्या | १ | १ | २ | २ | २ | |
| ५ | | | | | | | | |
| | शिक्षकले शिक्षणमा बिताउने समयमा लगबुक व्यवस्थापन सहित प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | नि | नि | नि | नि | नि | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| ७ | विज्ञ समूहबाट कक्षा अवलोकन, अनुगमन सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| ८ | सिकाइ उपलब्धिमा आधारित शिक्षकलाई प्रोत्साहित | निरन्तर | नि | नि | नि | नि | नि | |

## ४.३ शैक्षिक समता र समावेशीकरण:

### ४.३.१ परिचय:

सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ। बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो। फरकपनलाई स्वभाविक रूपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो। समावेशी शिक्षामा बालबालिकालाई उनीहरूको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ। शिक्षाको माध्यमबाट उनीहरूलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ। बालबालिकालाई उनीहरूको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ। सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ। उनीहरूलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रति अपनत्व महशुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो। यसले सबै बालबालिकाहरू सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ।

नेपाल सामाजिक, सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरूको वसोवास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरू पनि छन्। उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अनुसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ। कुनै बाधाहरू भौतिका तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्छन भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्छन्। कतिपय वाधाहरू संरचनागत पनि हुन सक्छन्।

### ४.३.२ वर्तमान अवस्था:

- **समावेशी शिक्षामा चुनौती:** चुमनुब्री गाउँपालिकामा शैक्षिक समता र समावेशीकरणको क्षेत्रमा केही चुनौतीहरू रहेका छन् । विशेषगरी, गरिब, पिछडिएका समुदायका बालबालिकाहरू , महिला, दलित, र सीमान्तकृत समुदायका विद्यार्थीहरूको विद्यालयमा सहभागिता कम छ ।
- **सांस्कृतिक र भौगोलिक विविधता:** समुदायमा विभिन्न जातजाति र भाषिक समूहको अस्तित्व भए पनि शिक्षा प्रणालीमा यी विविधताहरूलाई समावेश गर्ने पर्याप्त प्रयास भएको छैन ।
- **शिक्षकहरूको संवेदनशीलता:** शिक्षकहरूको संवेदनशीलता र शैक्षिक समावेशीकरणका लागि आवश्यक तालिम र ज्ञानको कमी छ, जसले समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनमा अवरोध पुर्याएको छ ।
- **आर्थिक असमानता:** आर्थिक अभाव र गरिबीका कारण विद्यालय जाने अवसर केही समुदायका लागि मात्र सीमित बनेको जस्तो छ, जसले गाउँपालकाको शिक्षा प्रणालीको समवेशी सूचकलाई निकै तल देखाएको छ ।
- **स्रोत र पूर्वाधारको अभाव:** विद्यालयमा समावेशी शिक्षा लागू गर्नका लागि आवश्यक स्रोत र भौतिक पूर्वाधारको अभाव रहेको छ ।

चुमनुब्री गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । गाउँपालिकामा हाल १९ वटा सामुदायिक विद्यालय रहेका छन्, जसमा १०८५ जना विद्यार्थी अध्ययनरत छन् । तीमध्ये छात्राको सङ्ख्या करिब ४९% प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको सङ्ख्या करिब ९९ प्रतिशत रहेको अनुमान छ ।

गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ । आ.व. २०८२।८३ मा ___ जना विद्यार्थीले गाउँपालिकाबाट माध्यमिक तह कक्षा ११।१२ तथा उच्च शिक्षा छात्रवृत्ति सुविधा प्राप्त गरेका छन् । त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या करिब ___ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ । विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ ।

समग्रमा हेर्दा, चुमनुब्री गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ ।

### ४.३.३ अवसर र चुनौतीहरू:

- विद्यालय बाहिर रहेका बालबालिकाहरूको सङ्ख्या एकीन गरी उनीहरूको शिक्षमा पहुचँको सुनिश्चितता गर्नु
- अनिवार्य तथा निःशुल्क शिक्षा नीतिको प्रभावकारी कार्यन्वयन गर्नु
- अनौपचारिक शिक्षाको पहुचँलाई विस्तार गर्नु
- सामुदायिक सिकाइ केन्द्रहरूको पुर्नस्थापना गरी यसको भूमिकालाई थप परिस्कृत गर्नु
- लक्षित समूह गरिब, महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहका जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पर्यायाउनु

- सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षाको अवसर सिर्जना गर्नु
- अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्नु
- लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्नु
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिताको रणनीतिलाई अबलम्बन गर्नु।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार , हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री विद्यालय बनाउनु।

**४.३.४ उद्देश्यहरू:**

- लक्षित वर्गको सबै तहको शिक्षामा हुने पहुँचमा वृद्धि गर्नु।
- विद्यालयमा कुनै पनि प्रकारका विभेद , भय, दुर्व्यवहार तथा त्रासमुक्त बालमैत्री सिकाइ वातावरणको सुनिश्चतता गर्नु।
- विद्यालयका सबै प्रकारका शैक्षणिक तथा शैक्षिक गतिविधिहरूमा समता तथा समावेशिताको सुनिश्चितता गर्नु।
- लक्षित वर्गमा अनौपचारिक शिक्षाको पहुचँ पुर्याउनु।

**४.३.५ रणनीतिहरू:**

- विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी सबै बालबालिकालाई शिक्षाको मूल धारमा ल्याइने छ।
- स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
- सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।
- जटिल भौगोलिक क्षेत्रमा बसोवास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम विभिन्न नमुनाहरू समेत विकास गरी पहुँच सुनिश्चित गरिने छ।
- विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसरफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ।
- आधारभूत तहमा बहु तथा मातृभाषा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावोश गरिने छ। त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ।
- आवश्यकतानुसार लक्षित वर्गलाई पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ।

- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
- औपचारिक विद्यालय शिक्षाबाट वञ्चितिमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने छ।

### ४.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**नतिजाहरू**

- लक्षित समूह (महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका) सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने छन् ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने छ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना हुने छ ।
- पाठ्यक्रम, पाठ्यसामाग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत शैक्षित प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने छ।
- विद्यालयहरूमा अपाङ्ग मैत्री र लैङ्गिक मैत्री वातावरण सिर्जना हुने छ।

### ४.३.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा समतामूलक भौतिक संरचना निर्माण | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| २ | समावेशी तथा समतामूलक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | पिछडिएका वर्गका बालबालिकाहरूका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | निरन्तर | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ४ | दूर्व्यवहार र त्रासमूक्त वातावरण | निरन्तर | नि | नि | नि | नि | नि | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | समावेशीकरणका विषयवस्तुहरूलाई पाठ्यक्रममा समावेश गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | | |
| ६ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्ग मैत्री र लैङ्गिक उत्तरदायी बनाउने | निरन्तर | नि | नि | नि | नि | नि | | |

## ४.४ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम:

### ४.४.१ परिचय:

स्वस्थ्य शरीरमा नै स्वस्थ्य दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ। बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागितामा वृद्धि गराई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, सफा शौचालय, हरियाली, सफा वातावरण, स्वच्छ सफा खाजा घरको व्यवस्था गर्नु आवश्यक छ। बालबालिकालाई मानसिक, शारीरिक र बौद्धिक रूपमा तयारी गरिसकेपछि मात्र विद्यालय शिक्षण सिकाइमा प्रभावकारी, दिगोपना ल्याउन सक्षम हुन्छ। साथै विद्यालयमा कक्षा छोड्ने दर घटाउन र विद्यालयमा टिकाई राख्न सक्छ। त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रमहरू सञ्चालन गर्न अति आवश्यक छ।

तसर्थ नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लामा छानिएका विद्यालयहरूमा हालसम्म सञ्चालन भइरहेका छन्। त्यसैगरी कर्णाली र सुदुर पश्चिम प्रदेशका आठ जिल्लाहरूमा सोही कार्यक्रम थप गरी सञ्चालन भइरहेको छ। सन् २००८ देखि केही छानिएका प्राथमिक विद्यालयमा सरकारले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/०७८ मा सम्पूर्ण सामुदायिक विद्यालयहरूमा पूर्व प्राथमिक देखि ५ कक्षा सम्मका सबै विद्यार्थीलाई दिवा खाजा व्यवस्था गरेको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान पुर्याउँछ।

### ४.४.२ वर्तमान अवस्था:

- **दिवा खाजाको पहुँच र प्रयोग:** चुमनुब्री गाउँपालिकामा दिवा खाजा (स्कुल मिड डे मिल) कार्यक्रमका थुप्रै विद्यालयहरूमा सञ्चालनमा छन्, तर यसको पहुँच र प्रभाव सीमित रहेको छ। केही विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या अनुसार खाद्यान्नको उचित व्यवस्था छैन भने केहीमा पोषण र गुणस्तरको कमी देखिन्छ।
- **पोषणको अवस्था**: पोषणको क्षेत्रमा ग्रामीण समुदायमा केही समस्या देखिन्छ, विशेष गरी बालबालिका र गर्भवती महिला तथा सुत्केरी महिलाहरूको पोषण अवस्था कमजोर रहेको पाइन्छ। स्थानीय कृषि उत्पादन र स्वास्थ्य सेवा भनेको सीमित पहुँच भएका कारण पोषणमा सुधार गर्न चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था छ।
- **स्वास्थ्य सेवाको पहुँच:** स्वास्थ्य सेवाको पहुँचमा केही सुधार भए पनि दुर्गम स्थानमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अझै सन्तोषजनक छैन। स्वास्थ्य सेवामा अनुगमन र व्यवस्थापनमा कमीहरू छन्, जसले गर्दा स्वास्थ्य सेवा प्रयोग गर्न कठिनाइ आउने गरेको छ।

#### ४.४.३ अवसर र चुनौतीहरू:

- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन  र अनुपस्थिति हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान पुर्याउने गरी सिकाइ उपलब्धिमा सुधार गर्नु।
- दिवा खाजा कार्यक्रम कार्यान्वयनमा स्थानीय स्तरमा उत्पादित समाग्रीलाई उपयोगमा ल्याउनु।
- स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाल बालबालिकाको संज्ञानात्मक क्षमता , शैक्षिक उपलब्धि साथै गुणस्तरीय जीवन हासिल गर्न मद्दत पुर्याउँनु।
- स्वास्थ्यसँग सम्बन्धित सरसफाइ, स्वच्छता तथा पोषण सम्बन्धी शिक्षाले बालबालिकाको स्वास्थ्य , सरसफाइ स्वच्छता तथा पोषणको अवस्थामा सुधार भई स्वस्थ जीवनका लागि सहयोग प्राप्त हुनु।
- स्वस्थ र पोष्ण युक्त दिवा खाजाको सुनिश्चितताका लागि सङ्घ सरकारबाट प्राप्त हुने अनुदान रकममा रकम थप गर्नु।
- प्रत्येक विद्यालयमा स्वच्छ खाजा घरको व्यवस्था गर्नु।
- तोकिएका पोषणयुत खाद्य पदार्थको पर्याप्त मात्रामा उपलब्ध गराउनु।
- विद्यालयहरूमा स्वच्छ र शुद्ध खानेपानीको पर्याप्तता सुनिश्चित गर्नु।
- सबै विद्यालयहरूमा व्यवस्थित छात्र छात्राको अलग अलग, बालमैत्री, अपाङ्गतामैत्री शौचालयको व्यवस्थापन गर्नु।
- सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्नु।
- विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नु।
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्नु।

#### ४.४.४ उद्देश्यहरू:

यस योजनाले विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी निम्न लिखित उद्देश्य राखेको छः

- विद्यालयका बालबालिकाहरूलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु।
- विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु।
- विद्यालयका बालबालिकाहरूको स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु।
- अभिभावकहरू,स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुढृढ गरी पोषण, स्वास्थ्य कार्यक्रम मार्फत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु।
- विद्यालयमा विद्यार्थी नियमितता वृद्धि गरी बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्नु।

#### ४.४.५ रणनीतिहरू:

योजनाको उद्देश्य हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ।

- चुमनुब्री गाउँपालिकाको दिवा खाजा कार्यक्रम सञ्चालन  सम्बन्धित कार्यविधि जारी गरी दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरिने छ।

- दिवा खाजाको लागि विद्यालयमा नै सफा, ताजा र पोसिलो खाजा तयारीका लागि चाहिने भान्सा तथा भण्डार घर साथै भान्सामा आवश्यक पर्ने भाँडावर्तन र अन्य सामग्रीहरू तथा हात धुने सुविधा विस्तार गरिने छ।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः आधारभूत तह सम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराइने छ भने अभिभावकको संलग्नतामा माध्यमिक तहका विद्यार्थीका लागि खाजा प्रबन्ध गरिने छ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सफा पानी, साबुन तथा सरसफाइ सामग्री सहित छात्र छात्राका लागि अलग अलग शौचालय, किशोरीहरूका लागि चेन्ज रुम, हात धुने साथै प्रयोग भइसकेका सामग्री व्यवस्थापन गर्ने ठाउँ र विद्यालय वातावरण सुरक्षाको लागि घेराबाराको व्यवस्थापन गरिने छ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने छ।
- दिवा खाजा लगायत स्वस्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइने छ।

### ४.४.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:

***उपलब्धि***

विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइमा सचेत भएको हुने।

***प्रमुख नतिजाहरू***

- चुमनुब्री गाउँपालिकाको दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि जारी भएको हुने छ ।
- प्रत्येक विद्यालयमा सफा व्यवस्थित खाजा घरको व्यवस्था भएको हुने छ।
- दिवा खाजा कार्यक्रमलाई आधारभूत तहसम्म निःशुल्क व्यवस्था गरिने छ। remove
- स्वास्थ र पोषणयुक्त दिवा खाजाको पहुँचबाट विद्यार्थी टिकाउदर वृद्धि भएको हुने छ।
- माध्यमिक तहको हकमा अभिभावकलाई संलग्न गरी अनिवार्य दिवा खाजाको प्रबन्ध मिलाइएको हुने छ।
- प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा सफा खानेपानी , छात्र छात्राका लागि शौचालय, चेन्ज रुम, हात धुने धारा साथै सुरक्षाको लागि घेराबाराको व्यवस्थापन हुने छ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार किट र किशोरीहरूको लागि स्यानीटरी प्याड वितरण तथा व्यवस्था मिलाइएको हुने छ ।
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन हुने छ।
- सम्पूर्ण कार्यक्रमहरूको सञ्चालनमा अनुगमन र मूल्याङ्कन प्रभावकारी ढङ्गले हुने छ।

### ४.४.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र. सं. | क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय दिवा खाजा कार्यविधि निर्माण | पटक | १ | | | | | | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थ्यकर्मी व्यवस्था गर्ने | वटा | १ | १ | १ | १ | १ | १ | |
| ३ | प्राथमिक उपचारको बाकस प्रत्येक विद्यालयमा व्यवस्था गर्ने | वटा | १ | १ | १ | १ | १ | १ | |
| ४ | किशोरीहरूको स्वास्थ्य व्यवस्थालाई मध्यनजर गरी विशेष व्यवस्था गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकास गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ६ | स्थानीय उत्पादनमा चक्रीय पोषणुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ७ | विद्यालयमा पोषण कर्नर तयार गर्ने | निरन्तर | नि | नि | नि | नि | नि | नि | |
| ८ | अभिभावक आमा समूह गठन र परिचालन गर्ने | वटा | १ | १ | १ | १ | १ | १ | |
| ९ | भन्साघरको प्रबन्ध गर्ने | वटा | १ | १ | १ | १ | १ | १ | |

## ४.५ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा:

### ४.५.१ परिचय:

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [ Preparedness ] आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने [response] र आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न स्थानीय सरकारहरू आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन्। चुमनुब्री गाउँपालिकामा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र बजेट तथा कार्यक्रममा समावेश

गरिएको छ । विशेषतः द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा योजना (२०८३–२०९३) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

शिक्षा योजनाले आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी, द्वन्द्व, विस्थापन तथा बसाइँसराइ जस्ता पक्षलाई समेट्नु पर्दछ । प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन अन्तर्गत भूकम्प, बाढीपहिरो, हावाहुरी, असिना, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि, खडेरी, दुर्घटना,  अति चिसो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास, र  प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन् । त्यसै गरी महामारी अन्तर्गत झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड,, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड लगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपयहरूको तयारी पर्दछन् ।

**४.५.२ वर्तमान अवस्था:**

- **आपतकालीन अवस्थामा शिक्षा व्यवस्थापन:** दुर्गम भूगोल, कमजोर तथा कच्ची अधिकांश भौत्तिक संरचना, अधिकाशं विद्यालय सूचना प्रविधको पहुचँबाट पर हुँदाहाल आपतकालीन अवस्थामा शिक्षाको व्यवस्थापकीय पक्ष फितलो रहेको छ ।
- **सूचना र सञ्चारको समस्या:** आपतकालीन अवस्थामा सूचना सम्प्रेषण र सञ्चारको अभावले शिक्षा प्रणालीमा ठुलो अवरोध ल्याउँछ। गाउँपालिकामा रेडियो, मोबाइल नेटवर्क र इन्टरनेट जस्ता सञ्चार साधनहरूको पहुँच कम भएको र प्राथमिक सूचना स्रोतहरूको सीमितता पाइन्छ ।
- **स्रोत र पूर्वाधारको अभाव:** धैरै विद्यालयहरूमा आपतकालीन अवस्थामा शैक्षिक क्रियाकलाप सञ्चानल व्यवस्थापनका लागि प्रयाप्त स्रोत सामग्री नभएको अवस्था विद्यामान छ ।
- **विद्यार्थी र शिक्षकको मानसिक स्वास्थ्य:** आपतकालीन अवस्थाका कारण विद्यार्थी र शिक्षकहरूको मानसिक स्वास्थ्यमा असर पर्न सक्छ । त्रास र तनावका कारण शिक्षा प्रक्रियामा अवरोध आउन सक्छ ।

**४.५.३ अवसर र चुनौतीहरू:**

- आपतकालीन अवस्थामा शिक्षा अन्तरसम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्नु ।
- आपतकालीन अवस्थामा शैक्षिक व्यवस्थापनका लागि हरेक योजना तथा  अङ्गमा यस विषयको प्रत्याभूति  गर्नु ।
- सीमित स्रोत साधनको महत्तम उपयोगबाट आपतकालीन अवस्थामा समेत शैक्षिक क्रियाकलापलाई सूचारु राख्नु ।
- अप्रत्यासित विपद तथा घटनाहरूको उत्थानका लागि छुट्टै संयन्त्र तयार गर्नु र सो का लागि स्रोतको सूनिश्चितता गर्नु ।
- जलवायु उत्थानशील भौतिक तथा मानवीय स्रोत तयार गर्नु ।

**४.५.४ उद्देश्यहरू:**

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्वसावधानी र तयारीको वातावरण तयार गर्नु ।

२. सम्भावित सङ्कटको सामना गर्नु अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।

३. सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु ।

४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्नु ।

**४.५.५ रणनीतिहरू:**

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटापन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।

२. चुमनुब्री गाउँपालिकाले संकटापन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आ–आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।

३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।

४. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।

५. विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सरकारको तयारी, रोकथाम, प्रतिकार्य, र पुनर्स्थापनका लागि क्षमता विकास गरिने छ ।

६. विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्स्थापनमा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिने छ ।

७. विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकुल पुनर्व्याख्या तथा प्रयोगमा ल्याइने छ ।

८. प्रकृतिक विपद, महामारी, शान्ति सुरक्षा कार्य आदिमा सङ्घीय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा काम गरिने छ ।

९. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइने छ ।

१०. विपदका कारणले सिर्जना हुने मनोसामाजिक समस्या समाधानका लागि परामर्श सेवा प्रदान गरिने छ ।

**४.५.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

***उपलब्धि***

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

***नतिजा***

१. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने छ ।

२. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने छ ।

३. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह र सिकाइको निरन्तरता हुने छ ।

४. युद्ध, सामाजिक द्वन्द, हिंसा, बसाइँसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने छ ।

**४.५.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | आवश्यकता अनुसार | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |
| २ | विपद सम्बन्धी विद्यालय स्तरीय विपद योजना निर्माण | वटा | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |
| ३ | गाउँपालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष स्थापना | वटा | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाइको व्यवस्थापन | आवश्यकता अनुसार | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |
| ५ | उद्दार कार्यक्रममा खटिने स्वयंसेवकका लागि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ६ | वडा स्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ७ | वडा स्तरीय सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| ८ | विपद व्यवस्थापनका लागि आवश्यक | वटा | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपकरण तथा सामाग्री सहितको व्यवस्थापन केन्द्र स्थापना | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास:

### ४.६.१ परिचय:

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था:

- **विद्यालय भवनहरूको अवस्था:** चुमनुब्री गाउँपालिकाका अधिकांश विद्यालयहरूको भवन पुराना र जीर्ण अवस्थामा रहेका छन् । भूकम्प र प्राकृतिक प्रकोपको असरले विद्यालय भवनको संरचना कमजोर बनिरहेको छ । पक्की संरचना भएका विद्यालयहरूको सङ्ख्या ज्यादै न्यून रहेको छ ।
- **आधुनिक पूर्वाधारको अभाव:** धैरै विद्यालयमा आधुनिक शिक्षण सामग्री, पुस्तकालय, प्रयोगशाला, खेलकुद मैदान जस्ता आधारभूत पूर्वाधारहरूको कमी छ । यसले शैक्षिक गुणस्तरमा प्रतिकूल प्रभाव पारिरहेको छ ।
- **पानी र सरसफाइ:** विद्यालयहरूमा पिउने पानीको पर्याप्त स्रोत र सरसफाइका लागि आवश्यक संरचनाहरूको अभाव रहेको छ । यसका कारण विद्यार्थीहरूमा स्वास्थ्य समस्याहरू उत्पन्न हुने सम्भावना बढी हुन्छ ।
- **बिजुली र ऊर्जा स्रोत:** धैरै विद्यालयहरूमा विद्युत् आपूर्ति स्थिर छैन भने कतिपय विद्यालयमा विद्युत् जडान कार्य नभएको अवस्था छ । यसले शैक्षिक गतिविधिहरूमा अवरोध पुर्याएको छ ।
- **खेलकुद र अन्य सुविधाहरू:** कठीन भूगोलका कारण विद्यालयमा खेलकुदका लागि आवश्यक स्थान र सामाग्रीको अभाव छ । खेलकुद र अन्य सांस्कृतिक गतिविधिहरूको विकासमा ध्यान नपर्ने कारण विद्यार्थीहरूको शारीरिक र मानसिक विकासमा कमी आउँछ ।

### ४.६.३ अवसर र चुनौतीहरू:

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्:

- भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु।
- पूर्वाधार विकासलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
- आवश्यक स्रोतको व्यवस्थापन गर्नु।
- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

**४.६.४ उद्देश्यहरू:**

- सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने।
- पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने।
- प्रविधिमैत्री, भूकम्प प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण गर्नु।

**४.६.५ रणनीतिहरू:**

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरीने छ।
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिने छ।
- विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाईन गरिने छ।
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिने छ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ।
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिने छ।
- आंशिक रूपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिने छ।
- विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसारहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गरिने छ।
- विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गरिने छ।
- अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गरिने छ।

**४.६.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

**उपलब्धि**

- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**नतिजा**

- चुमनुब्री गाउँपालिका भित्रका विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिकपूर्वाधारको स्व .रूप तथा भूमिका परिभाषित हुने छ।
- माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने छ।
- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिने छ।
- पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने छ।
- गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने छ।
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने छ।
- विद्यालयमा अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने छ ,।
- सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने छ।

**४.६.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | १ | १ | १ | १ | १ | |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार तथा कार्यान्वयन | पटक | १ | | | | | |
| ३ | अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिकपूर्वाधार निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | नि | नि | नि | नि | नि | |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | नि | नि | नि | नि | नि | |
| ६ | विद्यालयमा मर्मत सम्भार कोषको स्थापना | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत सम्भार | आवश्यकतानुसार | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि:

### ४.७.१ परिचय:

सूचना प्रविधि भन्नाले ध्वनि, तस्विर, अक्षर तथ्याङ्कको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ । अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ । विश्वका शक्तिशाली राष्ट्रहरू विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामु अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन् । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरूमा मात्र भरपर्नु पर्ने अवस्थाको अन्त्य भएको छ । उनीहरू आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरूको उपयोग गर्न सक्ने भएका छन् । सयौं व्यक्तिहरूले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हसिल गर्न सक्छन् । अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौविसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरू एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधारहरूको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अब रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ ।
कोभिड/१९ को विषम परिस्थितिपछि सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७–०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड– १९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहन्छ ।
शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।
शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ ।

### ४.७.२ वर्तमान अवस्था:

- **सूचना तथा सञ्चार प्रविधिको पहुँच:** विगतको तुलनामा चुमनुब्री गाउँपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँचमा उल्लेखनीय सुधार भएको छ। तैपनि सबै विद्यालयहरूमा कम्प्युटर, प्रिन्टर तथा अन्य आधारभूत डिजिटल उपकरणहरूको व्यवस्थापन गर्न नसकिएको अवस्था छ । यद्यपि अधिकांश विद्यालयहरूमा इन्टरनेट सेवाको पहुँच विस्तार हुँदै गएको छ, जसले विद्यालय प्रशासन तथा शिक्षण–सिकाइ प्रक्रियामा सहयोग पुऱ्याएको छ ।
- **प्रविधिको क्षमता र प्रयोग:** विद्यालयहरूमा डिजिटल उपकरणहरूको उपलब्धता बढेसँगै शिक्षण–सिकाइमा प्रविधिको प्रयोग पनि क्रमशः विस्तार हुँदै गएको छ । केही विद्यालयहरूले डिजिटल सामग्री, प्रस्तुतीकरण तथा अन्य प्रविधिमैत्री

शिक्षण विधिहरू अपनाउन थालेका छन्। तथापि, प्रविधिको प्रयोगलाई अझ प्रभावकारी र नियमित बनाउन थप प्रयास आवश्यक देखिन्छ।

- **इन्टरनेट तथा नेटवर्कको अवस्था:** भौगोलिक रूपमा दुर्गम क्षेत्र भए तापनि इन्टरनेट सेवाको पहुँच विगतको तुलनामा उल्लेखनीय रूपमा विस्तार भएको छ। अधिकांश विद्यालयहरूमा इन्टरनेट सुविधा उपलब्ध हुन थालेको छ, यद्यपि केही दुर्गम बस्तीहरूमा नेटवर्कको स्थायित्व र गुणस्तर अझै चुनौतीको विषय रहेको छ। इन्टरनेट पहुँच विस्तारसँगै अनलाइन स्रोत तथा डिजिटल सामग्रीको प्रयोगको सम्भावना बढेको छ।
- **शिक्षकको ICT क्षमता विकास:** शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान र सिप विकासका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन्। यसबाट शिक्षकहरूको ICT प्रयोग गर्ने क्षमता क्रमशः वृद्धि हुँदै गएको छ। तथापि, शिक्षण–सिकाइ प्रक्रियामा ICT को प्रभावकारी एकीकरणका लागि थप क्षमता विकास तथा निरन्तर पेशागत सहयोग आवश्यक रहेको देखिन्छ।

### ४.७.३ अवसर र चुनौतीहरू:

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

- सबै विद्यालयमा विद्युत, इन्टरनेट कनेक्टिभिटी लगायतका ICT पूर्वाधारको पर्याप्त पहुँच सुनिश्चित गर्नु।
- ICT को प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याब र डिजिटल पुस्तकालयसहितको एकीकृत प्रणाली विकास गर्नु।
- ICT उपकरणको व्यवस्थासँगै त्यसको सञ्चालन र प्रयोगका लागि दक्ष जनशक्ति विकास गर्नु।
- अन्तरक्रियात्मक तथा गुणस्तरीय डिजिटल शैक्षिक सामग्रीको पर्याप्त विकास र पहुँच विस्तार गर्नु।
- अपाङ्गता भएका विद्यार्थीका लागि पहुँचयुक्त (inclusive) डिजिटल सामग्री विकास र प्रयोग सुनिश्चित गर्नु।
- विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य सुदृढ गर्नु।
- ई-पुस्तकालय तथा अन्य डिजिटल शैक्षिक स्रोतहरूको प्रभावकारी कार्यान्वयन।
- विद्यालय व्यवस्थापन सूचना प्रणाली (IEMIS) र लेखा प्रणालीलाई एकीकृत तथा व्यवस्थित गर्नु।
- तथ्याङ्क अद्यावधिक गर्न एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु गर्नु।
- स्थानीय स्तरमा अडियो–भिडियो सहितका अनलाइन तथा अफलाइन कक्षाहरू सञ्चालन गर्न सरोकारवालाको सक्रियता बढाउनु।

### ४.७.४ उद्देश्यहरू:

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन्।

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन ICT को प्रयोग विस्तार गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरू सहित सबैका लागि ICT आधारित शिक्षामा समान पहुँच सुनिश्चित गर्ने।
- विद्यालय व्यवस्थापन तथा शैक्षिक तथ्याङ्क प्रणालीलाई पूर्ण रूपमा पेपरलेस बनाउने।

- ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरूमा ICT पहुँच विस्तार गर्ने ।
- इन्टरनेटमार्फत विश्वव्यापी शैक्षिक स्रोतहरूमा विद्यार्थी तथा विद्यालयको पहुँच विस्तार गर्ने ।
- ICT को प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।
- स्थानीय तहको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने ।

**४.७.५ रणनीतिहरू:**

- सबै विद्यालयमा ICT पूर्वाधार (विद्युत, कम्प्युटर, इन्टरनेट) स्थापना र सुरक्षित व्यवस्थापन गर्ने ।
- शिक्षक तथा विद्यालय कर्मचारीको ICT क्षमता विकास गर्ने तथा आधारभूत ICT सिपलाई अनिवार्य बनाउने ।
- विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गर्ने ।
- सबै विद्यालयमा CCTV क्यामेरा तथा इलेक्ट्रोनिक हाजिरी प्रणाली जडान गर्ने ।
- ICT आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त डिजिटल शिक्षाको व्यवस्था गर्ने ।
- विद्यालय व्यवस्थापन तथा तथ्याङ्क प्रणालीलाई पूर्ण पेपरलेस बनाउने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) नियमित रूपमा अद्यावधिक गर्ने ।
- ई-पुस्तकालयलाई वार्षिक रूपमा अद्यावधिक गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूमा ICT विस्तार गर्ने ।
- प्रत्येक विद्यालयमा ICT प्रयोगशाला, कम्प्युटर र ई-पुस्तकालय स्थापना गर्ने ।
- शिक्षकलाई Smart Board र ICT उपकरण प्रयोग सम्बन्धी नियमित तालिम दिने ।
- केन्द्रीय शैक्षिक सूचना प्रणालीको अधिकतम उपयोग गर्न विद्यालयहरूलाई प्रोत्साहित गर्ने ।

**४.७.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

**उपलब्धि**

- विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकिय क्षेत्रमा प्रयोग गरिएको हुने छ ।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास भई सबैको पहुँच स्थापित हुने छ ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरी एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना र सञ्चालन हुने छ ।

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने छ।
- स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने छ।
- विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने छ।
- प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गरिने छ ।
- स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सिप अनिवार्य गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने छ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने छ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुने छ।
- विभिन्न कक्षा तथा विषयका शिक्षकहरूको शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएको हुने छ।
- सबै माध्यमिक विद्यालयहरूले अनिवार्य रूपमा सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने छन्।
- सूचनामा आधारित एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने छ।

**४.७.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| क्र. ्स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| १ | विद्युत, कम्प्युटर, इन्टरनेट सबै विद्यालयमा जडान | विद्यालय | ४ | ४ | ५ | ५ | ५ |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना | सङ्ख्या | | | १ | १ | १ |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | सङ्ख्या | | ४ | ४ | ४ | ४ |
| ४ | ईपुस्तकालय-आद्यावधिक र विस्तार | सङ्ख्या | | २ | ५ | १० | |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा ट्यावको साथै पेनड्राइभको पहुँच | प्रतिशत | | १० | १० | १० | १० |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | सङ्ख्या | | | २० | ३८ | |
| ७ | फ्रि वाई-फाई चौतारी | सङ्ख्या | | | २ | १ | ३ |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | | | | | |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | | | | | सबै | |

## ४.८ छात्रवृत्ति तथा पोशाकः

### ४.८.१ परिचयः

विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालय बाहिर रहेका ,आर्थिक ,सामाजिक रूपले पिछडिएका वर्गलाई विद्यालय शिक्षामा पहुँच पुर्याउन अगाडि सारिएको उत्प्रेणनामूलक कार्य नै छात्रवृत्ति हो। जसको सहयोगले लक्षित समुदाय अर्थात गरीब,सुविधाविहीन, अपाङ्ग,तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक ,स्टेशनरी लगायतका सामग्रीहरू,दिवा खाजा आदि उपलब्ध हुन नसकी विद्यालयमा हुने अनुपस्थिति दर तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ। यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तह सम्म अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ। यसबाट विद्यालयमा विद्यार्थीको उपस्थिति दर र सक्रिय सिकाइ सहभागितामा वृद्धि भई सिकाइ उपलब्धि दर तथा शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुग्दछ। विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरिबी केन्द्रित हुन आवश्यक छ। यस प्रावधानले सुविधाविहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई पनि समेट्न सक्दछ।

### ४.८.२ वर्तमान अवस्थाः

- **छात्रवृत्तिको पहुँच र व्यवस्थापनः** चुमनुब्री गाउँपालिकामा अधिकांश विद्यालयहरूमा छात्रवृत्तिको व्यवस्था सीमित छ र मुख्यतया सरकारी योजनाहरूमा आधारित छ। विशेषगरी, आर्थिक रूपले कमजोर र ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई छात्रवृत्तिको पहुँचमा समस्या देखिन्छ। कठीन भूगोलका कारण विद्यालयहरूको सेवा क्षेत्र निकै फराकिलो हुदाँ सङ्घ सरकारबाट व्यवस्था भएको आवासीय छात्रावृत्ति कोटा अपुग भएको अवस्था छ।
- **आर्थिक चुनौतीहरूः** गरिबीका कारण धेरै बालबालिकाहरू विद्यालय छाड्ने समस्या उच्च देखिन्छ।
- **सामाजिक असमानताः** जातीय र लैंगिक असमानताका कारण केही विद्यार्थीहरूले छात्रवृत्तिको सुविधा पाउँदैनन्, जसले गर्दा सामाजिक समावेशीकरणमा कठिनाइ उत्पन्न भएको छ।
- **पोशाक र शैक्षिक सामग्रीको अभावः** चुमनुब्रीका विद्यालयहरूमा पोशाक र शैक्षिक सामग्रीको अभाव छ। सरकार र केही संस्थाहरूले विद्यालयका लागि पोशाक र शैक्षिक सामग्री उपलब्ध गराउने प्रयास गरे पनि, सबै विद्यार्थीलाई पर्याप्त पहुँच सुनिश्चित गर्न सएको छैन।
- **पोशाकको व्यवस्थाः** विद्यालयहरूले विशेष गरी गरीब परिवारका विद्यार्थीलाई पोशाक प्रदान गर्ने प्रयास गरिरहेका छन्, तर यसको पहुँच सीमित छ।

- **शैक्षिक सामग्रीको अभाव:** पुस्तक र अन्य शैक्षिक सामाग्रीको कमी रहेको छ, जसले विद्यार्थीहरूको शैक्षिक अनुभवमा नकरात्मक असर पारिरहेको छ।

**४.८.३ अवसर र चुनौतीहरू:**

यस गाउँपालिकामा छात्रवृत्ति सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ:

- लक्षित वर्गका विद्यार्थीमा छात्रवृत्तिको सहज पहुँच पुर्याउनु।
- आवश्यकताका आधारमा छात्रावृत्तिको प्रथामिकीकरण गर्नु ।
- छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।
- छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु।
- माध्यमिक तह तथा उच्च शिक्षा छात्रवृत्तिको वितरणलाई थप व्यवस्थित बनाई उच्च शिक्षको पहुँचामा विस्तार गर्नु।
- छात्रावृत्ति प्रोत्साहन मार्फत विद्यालय छोड्ने बालबालिकाको दरमा कमी ल्याउनु।

**४.८.४ उद्देश्यहरू:**

- लक्षित वर्ग पहिचान गरी बालबालिकाहरूलाई सिकाइमा सहभागिता र उपलब्धि वृद्धि गर्ने।
- विद्यालय शिक्षामा समानता र समता सुनिश्चित गर्ने ।

**४.८.५ रणनीतिहरू:**

- लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिने छ।
- स्थानीय तहबाट माध्यमिक तहका मेधावी विद्यार्थी पहिचान गरी निःशुल्क प्राविधिक उच्च शिक्षाको अवसर प्रदान गरिने छ|
- विद्यालय र समुदायको सहभागितामा हरेक विद्यालयमा छात्रवृत्ति व्यवस्थापन तथा दिवा खाजा व्यवस्थापन समिति गठन गरिने छ।
- निःशुल्क प्राविधिक उच्चशिक्षा अध्ययनको अवसर पाएका विद्यार्थीलाई अध्ययन पश्चात ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिने छ।

**४.८.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:**

***उपलब्धि***

- आर्थिक अभावका कारणले कुनै बालबालिका शिक्षाको अवसरबाट वञ्चित हुनु नपर्ने।

***प्रमुख नतिजाहरू***

- आर्थिक रूपले पिछडिएका वर्गलाई छात्रवृत्ति प्रदान गरिने छ।

- लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति वितरण प्रणालीको विकास र कार्यान्वयन हुने छ।
- लक्षित वर्ग पहिचान गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने छ।
- सामुदायिक आवासीय विद्यालय छात्रवृत्ति सहितको हुने छ।

**४.८.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | १ | १ | | | |
| २ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | पटक | आ.अ | | | | |
| ३ | अनुगमन तथा मूल्याङ्कन | सङ्ख्या | आ.अ | | | | |

## परिच्छेद ५: सुशासन तथा व्यवस्थापन:

### ५.१ शिक्षाको संस्थागत संरचना र क्षमता विकासको अवस्था:

#### ५.१.१ परिचय:

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरूको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरूको उचित व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

#### ५.१.२ वर्तमान अवस्था:

- **संस्थागत संरचना**: चुमनुब्री गाउँपालिकामा शिक्षा क्षेत्रको संस्थागत संरचना अहिलेको अवस्थामा विकासको प्रक्रियामा छ । यहाँका विद्यालयहरू विभिन्न स्तरमा सञ्चालन भइरहेका छन्, तर संस्थागत संरचना अझै विकासको आवश्यकता रहेको छ ।
- **विद्यालयहरूको संरचना:** गाउँपालिकामा आधारभूत र माध्यमिक विद्यालयहरूको संरचना कमजोर छ । अधिकांश विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव र शिक्षकहरूको प कमी छ ।

- **शिक्षा सम्बन्धी स्थानीय निकायको संरचना:** गाउँपालिका शिक्षा शाखा र अन्य सम्बद्ध संस्थाहरूको समन्वयमा शिक्षा व्यवस्थापन गरिएको छ। यद्यपि, संस्थागत क्षमता विकासका लागि अझै थप स्रोत र प्रयासहरूको आवश्यकता छ।
- **शिक्षक क्षमता र प्रशिक्षण:** चुमनुब्री गाउँपालिकाका शिक्षकहरूको क्षमता र पेशागत विकासमा सुधारको आवश्यकता छ। धैरै शिक्षकहरूलाई नवीनतम शिक्षण विधिहरू र सूचना प्रविधिको प्रयोगमा पर्याप्त तालिम प छैन।
- **शिक्षक प्रशिक्षणको अवस्था:** शिक्षकहरूको पेशागत विकासका लागि विभिन्न तालिम र कार्यशालाहरू आयोजना गरिन्छ, तर तालिमहरूको गुणस्तर र पहुँचमा सुधारको आवश्यकता छ, तालिम सञ्चालन पश्चाचातको सुपरीवेक्षण प्रणाली अत्यन्त कमजोर अवस्थमा रहेको हुँदा सो को उचित व्यवस्थापन अत्यावश्यक देखिन्छ।
- **शैक्षिक प्रशासन र नेतृत्व:** शैक्षिक नेतृत्व र प्रशासनको संरचना अझै स्थिर र सक्षम छैन। विद्यालयहरूको व्यवस्थापन र शिक्षण कार्यमा प्रभावकारी समन्वयको अभाव देखिन्छ।

### ५.१.३ अवसर र चुनौतीहरू:

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा विद्यालय सुशासन तथा व्यवस्थापन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

- बालमैत्री विद्यालय तथा विद्यालय शान्तिक्षेत्रको अवधारणाको प्रभावकारी कार्यन्वयन गर्नु।
- विद्यालयलाई विशुद्व शैक्षिक तथा प्राज्ञिक संस्थाका रूपमा स्थापित गर्नु।
- विद्यालयका शिक्षकहरूलाई बालबालिकाकाको उपलब्धिप्रति थप उत्तरदायी तथा जवाफदेही बनाउनु।
- विद्यालय शिक्षामा अभिभावकको चासो तथा सहभागिता अभिवृद्धि गर्नु।
- विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास गर्नु।
- शिक्षा सम्वन्धी ऐन नियम तथा कार्याविधिहरूको अन्योलता अन्त्य गर्नु।

### ५.१.४ उद्देश्यहरू:

१. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि सङ्घ र प्रदेशसँगको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु।
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय तहमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु।
३. कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु।
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु।

### ५.१.५ रणनीतिहरू:

१. यस चुमनुब्री गाउँपालिकाको अधिकार तथा दायित्व लगायतका पक्षहरूमा स्पष्टता कायम गर्न सङ्घीय र प्रदेशिक कानुनसँग नबाझिने गरी आवश्यक कानुनी प्रवन्ध गरिने छ। गाँउपालकाको संशोधित शिक्षा ऐनको व्यवस्था गरिने छ।

२. सङ्घ र प्रदेश सँगको अन्तरसम्बन्ध प्रगाढ बनाउन सङ्घ र प्रदेशद्वारा गठित परिषद र समितिमा रही कार्य गरिनुका साथै चुमनुब्री गाउँपालिकाको गाउँ शिक्षा समिति र शिक्षा शाखालाई दरिलो बनाइने छ।

३. प्र.अ. तथा शिक्षकहरूलाई क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।

४. चुमनुब्री गाउँपालिकामा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।

५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि सङ्घ र प्रदेशसँगको समन्वयमा सामुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।

६. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई प्रधानाध्यापकको भत्ता वृद्धि गरिनुका साथै क्षमता वृद्धि गरिने छ।

७. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

### ५.१.६ उपलब्धि तथा प्रमुख नतिजाहरू:

***उपलब्धि***

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने।

***प्रमुख नतिजाहरू***

१. विद्यालय लगायत शिक्षाको व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने छ।

२. शिक्षाको व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने छ।

३. शिक्षाको व्यवसथापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने छ ।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने छ।

### ५.१.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | माध्यमिक विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | जना | १ | १ | १ | १ | १ | | |
| २ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | १ | |
| ४ | गाउँपालिकासँग प्रधानाध्यापक र प्रधानाध्यापकसँग शिक्षकको कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम तथा प्र.अ.लाई थप भत्ताको व्यवस्था | जना | १ | १ | १ | १ | १ | १ | |
| ६ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई मासिक रूपमा सार्वजनिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| ७ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | वटा | १ | १ | १ | १ | १ | १ | |
| ८ | विद्यालयसँग सरोकार राख्ने पदाधिकारी, शिक्षक, विद्यार्थीहरूको आचार संहिता निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | |
| ९ | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | वटा | १ | १ | १ | १ | १ | १ | |
| १० | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन | वटा | १ | १ | १ | १ | १ | १ | |
| ११ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| १२ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | |
| १३ | शिक्षा सम्बन्धी असल अभ्यासहरूलाई बुलेटिनको रूपमा प्रकाशन | पटक | १ | १ | १ | १ | १ | १ | |

**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध:**

५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्त्वको संरचना पर्दछन्। यसअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन्।

**५.२.२ वर्तमान अवस्था**

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भइरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरू भैरहेका छन् । साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरू विद्यालयस्तरबाट हुँदै आएका छन् ।

५.२.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

५.२.४ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने ।
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने ।

**५.२.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | आ.अ | आ.अ | आ.अ | आ.अ | आ.अ | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | | |

## परिच्छेद ६: लगानी र वित्तीय स्रोत व्यवस्थापन

### ६.१ परिचय:

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान समृद्ध राष्ट्र निर्माण तथा र उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। भविष्यका लागि गुणस्तरीय मानव संसाधानको विकास गर्न शिक्षामा लागानी गरिन्छ। त्यसैले बालबालिकाको शिक्षामा गरिने लागानी व्यक्ति , समाज र राज्यको दिर्घकालीन विकासका लागि सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लागानी गर्न आवश्यक हुन्छ। शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ। ती तीन पक्षहरूमा पहिलो , राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो- सहभागी भईसकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्तिता र तेस्रो- स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन्।

नेपालको संविधानमा  वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था उल्लेख गरेको पाइन्छ। समानीकरण अनुदानको हकमा प्रकृतिक तथा वित्त आयोगको सिफारिसमा सङ्घीय सरकारवाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ। विशेष अनुदान र समपुरक अनुदान राष्ट्रिय योजना आयोगबाट व्यवस्थापन हुँदै आएको छ। सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रकृया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ। सङ्घीय सरकारवाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक प्रदेश सरकारबाट तथा स्थानीय तहको आफ्नै स्रोतमा आधारित बजेट पनि गाउँपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गर्न सक्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकतृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँवाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढंगबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लागनीको पक्ष उत्ति नै सक्षम र व्यवस्थित हुन्छ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

### ६.२ वर्तमान अवस्था:

- **लगानीको स्रोत र व्यवस्थापन:** चुमनुब्री गाउँपालिकामा शिक्षा र विकास क्षेत्रका लागि आवश्यक लगानीको स्रोत विविध छन्, जसमा सरकारी बजेट, स्थानीय स्रोत, र दातृ संस्थाहरूबाट प्राप्त सहयोग समावेश छन्। यद्यपि, स्रोतहरूको सीमितता र प्रभावकारी व्यवस्थापनमा चुनौतीहरू छन्।
    - **सरकारी बजेट:** मुख्य रूपमा शिक्षा र विकासका लागि सरकारी बजेटबाट वित्तीय स्रोत प्राप्त हुन्छ, तर बजेटको सन्दर्भमा प्राथमिकताका आधारमा सीमितता देखा परेका छन्।
    - **स्थानीय स्रोतहरू:** गाउँपालिका स्तरमा स्थानीय कर, दान र अन्य स्रोतहरूबाट केही रकम जुटाइन्छ, तर यी स्रोतहरूको व्यवस्थापन र वितरणमा सुधारको आवश्यकता छ।
    - **दातृ संस्थाहरूको सहयोग:** शिक्षा, स्वास्थ्य, र भौतिक पूर्वाधारको विकासका लागि विभिन्न दातृ संस्थाहरूबाट प्राप्त सहयोग सीमित मात्रामा छ।
- **स्रोत व्यवस्थापनका चुनौतीहरू:**

- **स्रोतको वितरण र प्राथमिकता निर्धारण:** सीमित स्रोतहरूको वितरणमा स्पष्ट प्राथमिकता र पारदर्शिता नहुनुले योजनाहरूको प्रभावकारिता घटाउँछ।
- **कृषि र पर्यावरणीय स्रोतहरूको समुचित उपयोग:** कृषि र पर्यावरणीय स्रोतहरूको प्रभावकारी उपयोग र व्यवस्थापनमा सुधार आवश्यक छ, जसले शिक्षा र स्थानीय विकासमा योगदान पुर्याउन सक्छ।

### ६.३ अवसर र चुनौतीहरू:

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

१. सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश, र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तिय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागानीको लागि जिम्मेवार बनाउने।
२. प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउन आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चत गर्ने।
३. शिक्षामा आधुनिक प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।
४. विद्यार्थीको सिकाइ र कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।
५. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, विभिन्न कठीन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।
६. गैर सरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने।
७. वित्तीय व्यवस्थापकको कार्यकुशलता बढाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने।
८. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने।

### ६.४ उद्देश्यहरू:

यस योजनाको वित्तीय  व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. लगानीको उपयोगको अवस्था जानकारी लिने उपयुक्त  विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

### ६.५ रणनीतिहरू:

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ। यसका लागि चुमनुब्री गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्नो स्रोतबाट थप लगानी गर्ने छ।
२. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेही बनाइने छ।
३. शिक्षा क्षेत्रमा हाल भएको लगानीमा वृद्धि गरिने छ।
४. मापदण्डका आधारमा खर्च गर्ने र सोको प्रतिवेदन पेश गर्ने पद्धति अवलम्बन गरिने छ।
५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

### ६.६ उपलब्धि र नतिजा:

**(क) उपलब्धि**

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

**अ.सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

यस आर्थिक वर्ष सङ्घीय सरकार बाट शिक्षा क्षेत्र अन्तर्गत कुल बजेट ६ करोड ९४ लाख ३२ हजार अनुमान गरिएको छ|

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (लाखमा) , सङ्घीय | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| प्रारम्भिक बालविकास र शिक्षा | ५६.८७ | ५९.७१ | ६२.७० | ६५.८३ | ६९.१३ | ३१४.२४ |
| आधारभूत शिक्षा | २४५.५० | २५७.७८ | २७०.६६ | २८४.२० | २९८.४१ | १३५६.५४ |
| माध्यमिक शिक्षा | २४.४० | २५.६२ | २६.९० | २८.२५ | २९.६६ | १३४.८३ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १.०० | १.०५ | १.१० | १.१६ | १.२२ | ५.५३ |
| अनौपचारिक तथा आजीवन सिकाइ | २.५० | २.६३ | २.७६ | २.८९ | ३.०४ | १३.८१ |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री | ७.७७ | ८.१६ | ८.५७ | ८.९९ | ९.४४ | ४२.९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिक्षक व्यवस्थापन र विकाश | ७७.५० | ८१.३८ | ८५.४४ | ८९.७२ | ९४.२० | ४२८.२४ |
| शैक्षिक समता र समावेशीकरण | १८५.५० | १९४.७८ | २०४.५१ | २१४.७४ | २२५.४८ | १०२५.०० |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७.३४ | ७.७१ | ८.०९ | ८.५० | ८.९२ | ४०.५६ |
| विद्यालय सुरक्षा , विपद न्यूनिकरण तथा उत्थाशीलता | ९.४० | ९.८७ | १०.३६ | १०.८८ | ११.४३ | ५१.९४ |
| विद्यालयमा भौतिक पूर्वाधार विकास | २८.७० | ३०.१४ | ३१.६४ | ३३.२२ | ३४.८९ | १५८.५९ |
| विद्यालयमा सूचना सञ्चार प्रविधि | १५.०० | १५.७५ | १६.५४ | १७.३६ | १८.२३ | ८२.८८ |
| सुशासन तथा व्यवस्थापन | ११.३४ | ११.९१ | १२.५० | १३.१३ | १३.७८ | ६२.६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन | २१.५० | २२.५८ | २३.७० | २४.८९ | २६.१३ | ११८.८० |
| | ६९४.३२ | ७२९.०४ | ७६५.४९ | ८०३.७६ | ८४३.९५ | ३८३६.५६ |

**आ. स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (लाखमा) स्थानीय | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| प्रारम्भिक बालविकास र शिक्षा | ५२.०० | ५४.६० | ५७.३३ | ६०.२० | ६३.२१ | २८७.३३ |
| आधारभूत शिक्षा | १०.०० | १०.५० | ११.०३ | ११.५८ | १२.१६ | ५५.२६ |
| माध्यमिक शिक्षा | ५.०० | ५.२५ | ५.५१ | ५.७९ | ६.०८ | २७.६३ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १.५० | १.५८ | १.६५ | १.७४ | १.८२ | ८.२९ |
| अनौपचारिक तथा आजीवन सिकाइ | १.२० | १.२६ | १.३२ | १.३९ | १.४६ | ६.६३ |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री | १२.०० | १२.६० | १३.२३ | १३.८९ | १४.५९ | ६६.३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिक्षक व्यवस्थापन र विकाश | ५.०० | ५.२५ | ५.५१ | ५.७९ | ६.०८ | २७.६३ |
| शैक्षिक समता र समावेशीकरण | ६.०० | ६.३० | ६.६२ | ६.९५ | ७.२९ | ३३.१५ |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | २.६० | २.७३ | २.८७ | ३.०१ | ३.१६ | १४.३७ |
| विद्यालय सुरक्षा , विपद न्यूनिकरण तथा उत्थाशीलता | ६.०० | ६.३० | ६.६२ | ६.९५ | ७.२९ | ३३.१५ |
| विद्यालयमा भौतिक पूर्वाधार विकास | ६.०० | ६.३० | ६.६२ | ६.९५ | ७.२९ | ३३.१५ |
| विद्यालयमा सूचना सञ्चार प्रविधि | १.५० | १.५८ | १.६५ | १.७४ | १.८२ | ८.२९ |
| सुशासन तथा व्यवस्थापन | १.०० | १.०५ | १.१० | १.१६ | १.२२ | ५.५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन | ३.०० | ३.१५ | ३.३१ | ३.४७ | ३.६५ | १६.५८ |
| जम्मा वार्षिक बजेट | **११२.८०** | **११८.४४** | **१२४.३६** | **१३०.५८** | **१३७.११** | **६२३.२९** |

**इ. अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (लाखमा), अन्य सङ्घ संस्था | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| प्रारम्भिक बालविकास र शिक्षा | ५.०० | ५.२५ | ५.५१ | ५.७९ | ६.०८ | २७.६३ |
| आधारभूत शिक्षा | १०.०० | १०.५० | ११.०३ | ११.५८ | १२.१६ | ५५.२६ |
| माध्यमिक शिक्षा | ५.०० | ५.२५ | ५.५१ | ५.७९ | ६.०८ | २७.६३ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १.०० | १.०५ | १.१० | १.१६ | १.२२ | ५.५३ |
| अनौपचारिक तथा आजीवन सिकाइ | १.०० | १.०५ | १.१० | १.१६ | १.२२ | ५.५३ |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री | २.०० | २.१० | २.२१ | २.३२ | २.४३ | ११.०५ |
| शिक्षक व्यवस्थापन र विकाश | २.०० | २.१० | २.२१ | २.३२ | २.४३ | ११.०५ |
| शैक्षिक समता र समावेशीकरण | ३.०० | ३.१५ | ३.३१ | ३.४७ | ३.६५ | १६.५८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ३.०० | ३.१५ | ३.३१ | ३.४७ | ३.६५ | १६.५८ |
| विद्यालय सुरक्षा , विपद न्यूनिकरण तथा उत्थाशीलता | २.०० | २.१० | २.२१ | २.३२ | २.४३ | ११.०५ |
| विद्यालयमा भौतिक पूर्वाधार विकास | ४.०० | ४.२० | ४.४१ | ४.६३ | ४.८६ | २२.१० |
| विद्यालयमा सूचना सञ्चार प्रविधि | ३.०० | ३.१५ | ३.३१ | ३.४७ | ३.६५ | १६.५८ |
| सुशासन तथा व्यवस्थापन | २.०० | २.१० | २.२१ | २.३२ | २.४३ | ११.०५ |
| अनुगमन तथा मूल्याङ्कन | १.५० | १.५८ | १.६५ | १.७४ | १.८२ | ८.२९ |
| | ४४.५० | ४६.७३ | ४९.०६ | ५१.५१ | ५४.०९ | २४५.८९ |

### ६.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (लाखमा), जम्मा | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| प्रारम्भिक बालविकास र शिक्षा | १२५.८७ | १३२.१६ | १३८.७७ | १४५.७१ | १५३.०० | ६९५.५१ |
| आधारभूत शिक्षा | २७०.५० | २८४.०३ | २९८.२३ | ३१३.१४ | ३२८.७९ | १४९४.६८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माध्यमिक शिक्षा | ५६.८० | ५९.६४ | ६२.६२ | ६५.७५ | ६९.०४ | ३१३.८६ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ७.१४ | ७.५० | ७.८७ | ८.२७ | ८.६८ | ३९.४५ |
| अनौपचारिक तथा आजीवन सिकाइ | ६.२२ | ६.५३ | ६.८६ | ७.२० | ७.५६ | ३४.३७ |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री | २३.३२ | २४.४९ | २५.७१ | २७.०० | २८.३५ | १२८.८६ |
| शिक्षक व्यवस्थापन र विकाश | ९३.९५ | ९८.६५ | १०३.५८ | १०८.७६ | ११४.२० | ५१९.१३ |
| शैक्षिक समता र समावेशीकरण | १९६.०५ | २०५.८५ | २१६.१५ | २२६.९५ | २३८.३० | १०८३.३० |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १४.४४ | १५.१६ | १५.९२ | १६.७२ | १७.५५ | ७९.७९ |
| विद्यालय सुरक्षा , विपद न्यूनिकरण तथा उत्थाशीलता | १९.७५ | २०.७४ | २१.७७ | २२.८६ | २४.०१ | १०९.१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालयमा भौतिक पूर्वाधार विकास | ६९.२० | ७२.६६ | ७६.२९ | ८०.११ | ८४.११ | ३८२.३७ |
| विद्यालयमा सूचना सञ्चार प्रविधि | २९.७४ | ३१.२३ | ३२.७९ | ३४.४३ | ३६.१५ | १६४.३३ |
| सुशासन तथा व्यवस्थापन | १५.८४ | १६.६३ | १७.४६ | १८.३४ | १९.२५ | ८७.५३ |
| अनुगमन तथा मूल्याङ्कन | २७.५० | २८.८८ | ३०.३२ | ३१.८३ | ३३.४३ | १५१.९५ |
| | ९५६.३२ | १००४.१४ | १०५४.३४ | ११०७.०६ | ११६२.४१ | ५२८४.२७ |

यस गाउँपालिकाको आर्थिक वर्सः २०८१/८२ को शिक्षा अन्तर्गत बजेट जम्मा ९ करोड ५६ लाख ३२ हजार रहेको छ | यो बजेट सङ्घीय, प्रादेशिक, स्थानीय र अन्य सङ्घ संस्था बाट प्राप्त रकम हो | आगामी पाँच वर्षको लागि जम्मा ५२ करोड ८४ लाख २७ हजार अनुमान गरिएको छ |

### ६.८ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रूपमा रूपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सुनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्छ । यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाईसमावेश गर्नुपर्छ । योजना निर्माण गर्दा स्थानीय तहको पाँच वर्षे बजेटसहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापमा केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ । वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा यसै योजनाको ढाँचालाई आधार मानी तयार गरिने छ ।

## परिच्छेद ७: अनुगमन तथा मुल्यांकन

### ७.१ परिचय:

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण,पर्यवेक्षण, निगरानी, पूर्ननिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरुको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ। स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ।

यसमा चुमनुब्री गाउँपालिकाको १० वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्याल, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

### ७.२ वर्तमान अवस्था:

अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था सोचे जस्तो हुन सकेको छैन, आबश्यक सिप, स्रोत, दक्षता र समयको सीमितताका कारणले अनुगमन निकै कमजोर भएको छ | बार्षिक लेखापरीक्षण, सार्बजनिक सुनुवाई, मासिक बैठक गरिए पनि प्रस्ट अभिलेखीकरण राख्न नसक्दा त्यसको पुस्ट्याई गर्न अफ्ठ्यारो भएको छ |

### ७.३ अवसर र चुनौतीहरु:

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु
- अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु,
- संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु।

- अनुगमन कार्यलाई नियमिता र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रवन्ध गर्नु ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव हुनु ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउनु ।

- गाउँपालिकाबाट नजिकको शिक्षा विकास समन्वय इकाइ तथा शिक्षा विकास निर्देशनालय भएकाले आवश्यकता अनुसारको जनशक्तिलाई अनुरोध गरी अनुगमन तथा मूल्यांकन गर्नु ।
- पालिकभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्नु ।
- गाउँपालिकाबाट वडा स्तरीय कार्यक्रम बनाई सहजै अनुगमन तथा मूल्यांकन गर्नु ।
- प्रविधिहरूको विकास हुँदै जानु ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु ।
- अनुगमन कार्यलाई नियमिता र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वसनीय बनाउनु ।
- स्थानीय विज्ञ समुह गठन भई उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी हुनु ।

**७.४ उद्देश्यहरु:**

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु ।
- योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

**७.५ रणनीतिहरु:**

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- गाउँपालिका अध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित कार्यान्वयन गरिनेछ ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिनेछ भने शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ ।

- विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय विज्ञ समुहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई ब्यवस्थित गरिनेछ ।
- गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिनेछ । यसका लागि गाउँपालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गरिनेछ ।
- चुमनुब्री गाउँपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, गाउँ कार्यपालका, गाउँ शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गरिनेछ ।
- यसका साथै गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिनेछ ।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गरिनेछ ।
- गाउँ शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न वाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन् ।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ । गाउँपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ ।

### ७.६ उपलब्धि तथा प्रमुख नतिजाहरु:

**उपलब्धि**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने ।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**नतिजाहरु**

- नतिजामा आधारित अनुगमन प्रणाली हुने ।
- अनुगमनका आधारमा नतिजा सुधार हुने ।
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने ।

### ७.६.१ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु:

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | कैफियत |
|---|---|---|---|---|

| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | नियमित | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | शैक्षिक तथ्याङ्गक प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | |

**सन्दर्भ सामाग्रीहरु:**

१. शिक्षा क्षेत्रको योजना २०२१-२०३०, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं,२०७७

२. विद्यालय क्षेत्र विकास योजना २०७३/०७४-२०७९/०८० , नेपाल सरकार, शिक्षा मन्त्रालय ,२०७३

३. शिक्षा क्षेत्र योजना विकास कार्यढाँचा २०७७, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं,२०७७

४. राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं

५. पन्ध्रौ योजना (आ.व.२०७६/७७-२०८०/८१) आधार पत्र , नेपाल सरकार , राष्ट्रिय योजना आयोग , सिंहदरवार , काठमाडौं

६. प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८, नेपाल सरकार , राष्ट्रिय योजना आयोग , सिंहदरवार , काठमाडौं

७.प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७, , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर

८. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८, नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं

९. शैक्षिक सूचना २०७७, , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं

१०. नेपालको संविधान २०७२, नेपाल कानुन आयोग

११. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर

१२. आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, , नेपाल सरकार , शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर

१३.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , नेपाल कानुन आयोग

१४. दिगो विकास लक्ष्यहरु , वर्तमान अवस्था र भावी मार्ग चित्रः२०१६-२०३० , नेपाल सरकार , राष्ट्रिय योजना आयोग , सिंहदरवार , काठमाडौं

१५. चुमनुब्री गाउँपालिकाको शिक्षा पार्श्वचित्र २०८२, चुमनुब्री गाउँपालिका , गोरखा

१६. शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहित )

१७. शिक्षा सम्वन्धी विभिन्न आयोगका प्रतिवेदनहरु

१८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८२

## अनुसूचीहरु :

### अनुसुची १ : योजनाको नतिजा खाका:

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | ८५ | ८७ | ९३ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८०.४ | ८५ | ९० | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ६२.० | ६८ | ७५ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | ११६.३ | ११३ | १०९ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९५.३ | ९८ | ९९ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | १२४.८ | १२० | ११५ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | ७५ | ८० | ८५ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | १३३.३ | १२५ | ११५ | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ८३.२ | ८७ | ९२ | १०० |
| २.८ | आधारभूत तह ( कक्षा ५) पूरा गर्ने दर* (%) | ३६.२५ | ८० | ९० | १०० |
| २.९ | आधारभूत तहमा ( कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | २३.४ | २० | १५ | ० |
| २.१ | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.०३ | १.०२ | १.० | १.० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९४ | ९६ | ९८ | १०० |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १२४.१ | १२० | ११५ | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ७८.८ | ८२ | ९० | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | २७.१ | ९० | १०० | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०४ | १.०२ | १.० | १.० |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | ५२ | | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | २६.०८ | ३० | ४० | ५० |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१०) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७०.५ | ७५ | ९० | १०० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | १०४.९ | १०२ | १०१ | १०० |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.३५ | १.२ | १.० | १.० |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ८३.३ | ८७ | ९५ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६७.४ | ९० | ९५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | माध्यमिक तह (कक्षा ९-१०) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | ११ | ९० | ९५ | १०० |
| ४. | जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ३९.२ | ७० | ८० | ९० |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | | | | |
| ५. | सुशासन तथा व्यवस्थापन | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | ११.६ | १० | १० | १० |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | २७.८ | २५ | २० | २० |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १५.१४ | १५ | १५ | १५ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीशिक्षक अनुपात (सामुदायिक विद्यालय) | २८.२५ | २० | १५ | १५ |